# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क ३३, पूर्णाङ्क ३०३ | २०७८ फागुन २५ गते बुधबार | Wednesday, 9 Mar 2022 | www.eratokhabar.com | मूल्य रु. १०


## नेपालले राष्ट्रसङ्घमा अमेरिकी पक्षधरता लिएर कठपुतली भएको प्रमाणित गऱ्यो : कञ्चन

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीले संयुक्त राष्ट्रसङ्घको आपत्कालीन विशेष महाधिवेशन र मानवअधिकार कमिसनमा अमेरिकी पक्षधरता हुने गरी नेपालले संयुक्त राष्ट्रसङ्घको प्रस्तावमा मतदान गर्नु नेपालको असंलग्न परराष्ट्र नीतिविपरीतको काम र अमेरिकी कठपुतली बनेको प्रमाण रहेको बताएको छ ।

नेकपा केन्द्रीय सचिवालय सदस्य एवम् अन्तर्राष्ट्रिय विभागका इन्चार्ज कञ्चनले विज्ञप्ति जारी गर्दै एमसीसी पारित गरेलगत्तै परराष्ट्रनीति नै परिवर्तन गरेर नेपाल सरकारले अमेरिकी कठपुतली बनेको प्रमाणित गरेको र नेकपाले सरकारको उक्त जनविरोधी नीतिको विरोध गरेको प्रस्ट पारेका छन् ।

सचिवालय सदस्य कञ्चनद्वारा शुक्रबार जारी प्रेस विज्ञप्तिमा ... बाँकी पृष्ठ ७ मा

# राष्ट्रघाती एमसीसी लागू हुन दिइनेछैन, देश बेच्ने संसद्को औचित्य सकिएको छ : महासचिव विप्लव



■ **रातोखबर संवाददाता/काठमाडौं**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले नेपाली काङ्ग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, एमालेलगायत संसद्वादी दलले राताराता संसद्बाट राष्ट्रघाती एमसीसी सम्झौता पारित गरे पनि आफूहरूले, नेपाली जनताले त्यसलाई खारेज गरिदिने र लागू हुन नदिने बताएका छन् । नेकपासहित ६ राजनीतिक पार्टी र २ मोर्चाले एमसीसीविरुद्ध शुक्रबार काठमाडौं खुलामञ्चमा आयोजना गरेको जनसभामा सम्बोधन गर्दै महासचिव विप्लवले भने, 'फागुन १५ गते पुस १ गतेजस्तै कालो दिन हो । लेन्डुप दोर्जेले जस्तै राष्ट्रघात गर्ने नेपालको संसद्को औचित्य सकिसकेको छ । हामी एमसीसी लागू हुन दिँदैनौं । संसद्ले बचाउन नसकेको देश हामी बचाउँछौं ।'

महासचिव विप्लवले सबै देशभक्त कम्युनिस्ट र वामपन्थीहरू एक भएर देशलाई बचाउनुपर्ने पनि बताए । प्रजातन्त्रको चिह्न बोकेका, कम्युनिस्टको फित्ता बाँधेका संसद्वादीहरूले नेपालको राष्ट्रिय स्वाधीनतामाथि गद्दारी गरेर कालो दिनको छाप छोडेर गएको भन्दै उनले साझा देशभक्त, ... बाँकी पृष्ठ ७ मा

## मुलुकमा थप एउटा राष्ट्रघात भएको छ : किरण



कार्यक्रमको अध्यक्षता गरिरहेका नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणले एमसीसीविरोधी आन्दोलन जारी रहेको र यसको ऐतिहासिक महत्व रहेको बताए छ । उनले भने, 'यो राष्ट्रघाती छ । नेपालमा एउटा राष्ट्रघात थप भएको छ । रूपमा यो सम्झौता आर्थिक सहयोग भनेर आइरहेको छ । तर सारमा यो हिन्द प्रशान्त रणनीतिसँग सम्बन्धित छ र नेपाललाई अमेरिकाको सैन्य अखडा बनाउने उद्देश्यमा आधारित रहेको छ ।'

उनले यो साम्राज्यवादको नवउपनिवेशवादी चरित्रअनुसार आएकाले कम्युनिस्ट आवरणमा गएका सबैले राष्ट्रघाती ... बाँकी पृष्ठ ७ मा

## सहिद सप्ताहमा देशभर सहिद तथा बेपत्ता परिवारलाई अभिनन्दन

**काठमाडौं ।** नेकपाले देशभर सहिद तथा बेपत्ता योद्धा परिवारलाई अभिनन्दन गर्नुका साथै विभिन्न रचनात्मक कार्यक्रम गरी सहिद सप्ताह २०७८ सम्पन्न गरेको छ ।

काठमाडौं उपत्यकामा तीनवटै जिल्लाको संयुक्त आयोजनामा नेकपाका महासचिव विप्लवको प्रमुख आतिथ्यमा सहिद–बेपत्ता योद्धाका परिवारको अभिनन्दनका साथ सहिद सप्ताह मनाइएको छ भने देशका प्रायः सबै जिल्लामा रचनात्मक कार्यक्रम आयोजना गरी सहिद सप्ताह मनाइएका समाचारहरु प्राप्त भएका छन् । ... बाँकी पृष्ठ ७ मा

## जनपत्रकार सङ्गठनको आधारभूत पत्रकारिता तालिम सुरु

**काठमाडौं ।** जनपत्रकार सङ्गठन नेपाल उपत्यका प्रदेशले आधारभूत पत्रकारिता तालिम सुरु गरेको छ ।

आधारभूत पत्रकारिता तालिम तथा वैचारिक प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा जनपत्रकार सङ्गठनका इन्चार्ज वसन्त श्रेष्ठ 'प्रज्वलन' ले सूचनाको पहुँच नै सबैभन्दा ठूलो हतियार भएको बताए । सूचनाका कारण विश्वमा मै हुँ भन्ने शक्ति पनि भुकेको दृष्टान्त दिँदै प्रज्वलनले पत्रकारसँग सबैभन्दा ठूलो सूचना हुने बताए । नेता प्रज्वलनले सूचनाको पहुँच भएकै कारण पत्रकार शक्तिशाली भएको बताए । कुनै वस्तुलाई ... बाँकी पृष्ठ ७ मा

### ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

## 'महिला मुक्त नभएसम्म मानव समाज मुक्त हुँदैन'

■ **रातोखबर संवाददाता/काठमाडौं**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको शुभकामना दिँदै र क्रान्तिकारी महिला सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै महिला योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गरेका छन् । उनले सम्पूर्ण महिला एवम् नागरिकहरूमा श्रमिक महिला दिवस भव्य रूपले मनाउन अपिल पनि गरेका छन् ।

महासचिव विप्लवले ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा जारी गरेको शुभकामना वक्तव्यमा श्रम र सिर्जनासँगै पुँजीवाद–दलाल पुँजीवादले लादिरहेका अत्याचार, शोषण एवम् विभेदविरुद्ध सङ्घर्ष र विद्रोह गर्न पनि हरदम तयार हुन पनि आह्वान गरेका छन् । उनले सिङ्गो मानव समाज पुँजीवादको थिचोमिचोबाट मुक्त नभएसम्म महिलाहरू मुक्त नहुने, महिलाहरू मुक्त नभएसम्म मानव समाज पनि मुक्त नहुने र विश्व पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवाद–साम्यवादको स्थापना नै महिलासँगै मानव मुक्तिको सर्त रहेको पनि प्रस्ट पारेका छन् ।

महासचिवद्वारा जारी शुभकामना विज्ञप्तिमा भनिएको छ, 'आज २०७८ फागुन २४ गते ११२ औं श्रमिक महिला दिवस अर्थात् आठ मार्च हो । आफ्नो मुक्ति, अधिकार, स्वतन्त्रता र उच्च मानवसभ्यताका लागि जीवन बलिदान दिन तयार भएर विद्रोह गरेको दिनसँग जोडिएको यो दिन महिलाहरूका लागि अन्तर्राष्ट्रिय पर्व हो भने सिङ्गै मानव जातिका लागि गौरवको दिन हो । यो सुखद अवसरमा हाम्रो जनप्रिय पार्टी क्रान्तिकारी महिला सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै महिला योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछ । साथै सम्पूर्ण महिला एवम् नागरिकहरूमा श्रमक महिला दिवस भव्य रूपले मनाउन अपिल गर्दै हार्दिक शुभकामना ... बाँकी पृष्ठ ७ मा

# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्यतापूर्वक मनाइयो

■ **जानकी चौधरी/काठमाडौं**




नेपाल कम्युनिस्ट पार्टी सम्बद्ध अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीसहित राष्ट्रियताको आन्दोलनमा संयुक्त रूपमा सङ्घर्ष गरिरहेका ६ दल आबद्ध क्रान्तिकारी महिला सङ्गठनहरूको साझा मोर्चा 'संयुक्त महिला सङ्घर्ष समिति' ले स्वतन्त्रता, समानता र स्वाधीनताका लागि सशक्त संघर्ष गरौं! ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्य रूपमा मनाऔं!! भन्ने मूल नारका साथ मङ्गलबार काठमाडौंमा ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) भव्यतापूर्वक मनाएको छ ।

काठमाडौं रत्नपार्क शान्तिबाटिकाबाट संयुक्त रूपमा सुरु भएको जुलुस भद्रकाली सहिदगेट, सुन्धारा हुँदै पुनः शान्तिबाटिकामा पुगेर सभामा परिणत भएको थियो ।

सभालाई सम्बोधन गर्दै देशभक्त जनवादी मोर्चाका महासचिव परी ... बाँकी पृष्ठ ३ मा

## विभिन्न पार्टीका नेताहरुसँग महासचिवको भेटघाट र छलफल

■ **रातोखबर संवाददाता/काठमाडौं**

संसद्वादी पार्टीहरूले संसद्बाट राष्ट्रघाती एमसीसी सम्झौता पारित गरेपछि राष्ट्रिय स्वाधीनताका पक्षधर शक्तिहरूबीच ध्रुवीकरण हुँदै गर्दा नेकपाका महासचिव विप्लवले एमालेका वरिष्ठ नेता भीम रावल, नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छे रोहित, नेकपा माओवादी केन्द्रका असन्तुष्ट नेता नारायणकाजी श्रेष्ठलगायतसँग भेटघाट र छलफल गरेका छन् ।

फागुन १५ गते पाँचदलीय गठबन्धन सरकारले एमसीसी टेबुल गरेर पारित गराउने प्रक्रियामा लगेको समयमा एमालेका वरिष्ठ नेता भीम रावलले खुलेरै एमसीसीको विपक्षमा मत व्यक्त गरेका थिए । रावल एमाले र माओवादी केन्द्रको गठबन्धनको तत्कालीन सरकारी नेकपाले एमसीसी अध्ययन गर्न झलनाथ खनालको अध्यक्षतामा निर्माण गरेको अध्ययन कार्यदलका सदस्य पनि हुन् । उनले निरन्तर एमसीसी सम्झौता राष्ट्रघाती रहेको भन्दै बोलेर र लेखेर आफ्नो भिन्नमत व्यक्त गर्दै आएका छन् । महासचिव विप्लव र नेता रावलबीच एमसीसी खारेजी र राष्ट्रिय स्वाधीनता रक्षाका विषयमा एकताबद्ध भएर सङ्घर्ष अघि बढाउन सकारात्मक छलफल भएको नेकपा उच्च स्रोतले जनाएको छ ।

नेपकाका महासचिव विप्लव र एमाले नेता रावलबीच एमसीसीको खारेजीका साथै राष्ट्रिय स्वाधीनता रक्षा र मुलुकको समसामयिक राजनीतिक विषयमा महत्वपूर्ण छलफल भएको राष्ट्रियता पक्षधर शक्तिहरूका बीच ध्रुवीकरण हुनु आवश्यक रहेको निष्कर्ष निकालिएको स्रोतहरूले बताएका छन् । नेकपाका तर्फबाट छलफलमा पार्टी प्रवक्ता प्रकाण्ड पनि सहभागी थिए ।

महासचिव विप्लवले राष्ट्रिय स्वाधीनताको रक्षाका लागि विभिन्न देशभक्त र राष्ट्रप्रेमी नेताहरूसँग गम्भीर छलफल चलाइरहेका छन् । गत बुधबार महासचिव विप्लवले माओवादी केन्द्रका असन्तुष्ट नेता नारायणकाजी श्रेष्ठ र नेमकिपाका अध्यक्ष नारायणमान ... बाँकी पृष्ठ ७ मा

### सन्दर्भ : सहिद सप्ताह २०७८

## सहिद–बेपत्ता योद्धाका परिवार क्रान्तिका ऊर्जा

सहिद र बेपत्ता योद्धाका परिवार जनक्रान्तिको नेतृत्व गरिरहेको नेकपाको शक्ति दिने ऊर्जा हुन् । देश र जनता मुक्त नहुँदासम्म हामी त्यही ऊर्जाले लडिरहनेछौं । सहिद र बेपत्ता परिवार हाम्रो शक्तिमा बदलिनुपर्छ । तपाईंहरू हामीलाई केही नगर्नुस्, विश्वास गर्नुस् र भन्नुस्– तिमीहरू लड । जस्तोसुकै अवस्थामा पनि हामी साथ दिन्छौं । दुःख पर्दा पानी मात्र दिए पनि हामी ठूलो ऊर्जा दिएको ठान्नेछौं । हामीलाई विश्वास छ यो देशलाई मुक्त र स्वाधीन बनाउनेछौं । नेपाली जनतालाई वैज्ञानिक समाजवादमा पुऱ्याउने सङ्कल्प पूरा गर्नेछौं ।


जनयुद्धमा दिलबहादुर रम्तेलदेखि सुरु भएको बलिदान रोकिएको छैन । कुमार पौडेल हुँदै जगत पुनसम्म आइपुग्दा १२ जनाको रगत थपिएको छ । वीरजङ्गको मृत्यु पनि जेलकै कारण भएको छ । एकीकृत जनक्रान्ति हाम्रो आवेग र रहर होइन, यो हाम्रो जिम्मेवारीको कुरा हो ।

अहिले हामीले हाम्रा कुरा गरेका छैनौं । ३ करोड नेपाली जनताको जीवनसँग जोडिएको विषय उठाएका छौं । संसदीय व्यवस्था सिद्धान्ततमा मात्र नभएर व्यवहारमा पनि असफल भइसकेको छ । अब संसदीय पुँजीवादी व्यवस्था असफल भइसकेको छ । असफल संसदीय व्यवस्थाको नभएर वैज्ञानिक समाजवादी व्यवस्था चुन्न पाउने जनमतसङ्ग्रहको अधिकार जनतालाई दिनुपर्छ ।

आज दलाल पुँजीवादको संसद्बाट एकदम अल्पसङ्ख्यक मान्छेहरूले जनतालाई फेरि पनि धोका दिएका छन् र एमसीसी पारित गरेका छन् । हामी एमसीसीविरुद्ध सङ्घर्ष गरिराखेका छौं । लगातार लडिराखेका छौं तर संसद् त फेरि पनि असफल भयो नि ! फेरि पनि धोकाको अखडामा बदलियो नि ! संसद् भनेको जनता देखाएर जनतालाई नै धोका दिने अखडा बन्यो नेपालमा । देशलाई देखाएर देश बेच्ने अखडा बन्यो नेपालमा ।

**देश/परिवेश**

■ विप्लव



हामी सबै त्यागेर यो लडाइँमा होमिएका छौं । निरन्तर होमिइरहनेछौं । यो हाम्रो लडाइ कुनै मन्त्रीका लागि होइन । यो पार्टी कुनै मन्त्री पदको दलाली गर्नलाई बनेको पार्टी होइन । यो पार्टी केही करोड पैसा जम्मा गर्नका ... बाँकी पृष्ठ २ मा

## सम्पादकीय

# ११२ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

आज संसारकै श्रमिक-उत्पीडित महिलाहरू ११२ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहेका छन् । मानिस-मानिसबीच लैङ्गिक विभेद हुनु हुन्न, महिलामाथि कुनै पनि किसिमको विभेद र शोषण गरिनु हुन्न, श्रमको विभाजन, मूल्याङ्कन श्रमघन्टा समान हुनुपर्छ, समान कामको समान ज्याला हुनुपर्छलगायत अधिकार माग गर्दै ११२ वर्षअघि आरम्भ भएको श्रमिक महिला आन्दोलन एक्काईसौँ शताब्दीको चौथाइ शताब्दी बित्दा पनि जारी छ । नेपालमा पनि राजनीतिक, सांस्कृतिक, आर्थिक, सामाजिकलगायत स्वतन्त्रता, समानता र स्वाधीनता माग गर्दै महिला आन्दोलन जारी छ । समाजको आधा हिस्सा मात्र होइन, श्रम र सिर्जनाको बहुमत हिस्सा ओगटेको श्रमिक वर्ग महिलामाथि कुनै पनि शोषण, दमन र विभेद हुनु हुन्न । महिला दोस्रो दर्जाका नागरिक होइनन् । महिला र पुरुष बराबर हुन् । राज्यलाई, कानुनलाई, समाजलाई, संस्कार-संस्कृतिलाई, पुरुषलाई कुनै बहानामा, कुनै पनि तरिकाले महिलामाथि शोषण गर्ने कुनै त्यस्तो बेग्लै र विशेष अधिकार छैन । गरिन्छ भने त्ये व्यभिचार हुन्छ, शोषण हुन्छ । अमानवीयता हुन्छ । आज महिलाहरू यही अमानवीयताका विरुद्ध आन्दोलित छन् । यो आन्दोलनलाई सबै न्यायप्रेमीको साथ, सहयोग र ऐक्यबद्धताको आवश्यकता छ ।

नेपालका हरेक राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक आन्दोलन, सङ्घर्ष, युद्ध र क्रान्तिहरूमा महिला अग्रपङ्क्तिमा लामबद्ध छन् । त्याग, शौर्य, बलिदानको दृष्टिले पनि महिलाहरू अग्रमोर्चामा छन् तर पनि महिलामाथिको विभेद घटेको देखिँदैन । जनयुद्धले स्थापित गरेको नयाँ विचार, संस्कार, संस्कृति र सत्तामा महिला समानताको अवस्था तुलनात्मक रूपले माथि वा उच्च भए पनि जनयुद्धको असफलता वा केही अगुवाहरुले दिएको धोकाका कारण जनयुद्धको विघटनपछि राजनीतिक रूपमा भएको प्रतिक्रान्तिसँगै सांस्कृतिक प्रतिक्रान्ति पनि भयो र महिलामाथिको दृष्टिकोण र व्यवहारमा पनि प्रतिक्रान्ति भयो । फलस्वरूप महिलामाथि आज पनि प्रकारान्तरले दासीकै व्यवहार गरिएको छ । सामन्तवादले जस्तै पुँजीवादले पनि महिलाहरूमाथि विविधखाले शोषण, दमन, विभेद जारी राखेको छ । अझ दलाल पुँजीवादले त महिलामाथि दोहोरो-तेहेरो शोषण, दमन र विभेद लादिरहेको छ । महिलामाथि अत्यन्त निच किसिमका बलात्कार र हत्याजस्ता अमानवीय हर्कत र कहालीलाग्दो कहर बढेको छ । आज पनि महिलाहरू महिलामाथि हुने सबैखाले हिंसा अन्त्य गर !, महिला बेचविखन बन्द गर !, बलात्कारी र हत्यारालाई कडाभन्दा कडा कारबाही गर !, समान कामको समान ज्याला लागू गर ! भन्ने नारा लिएर सङ्घर्षको मैदानमा डटिरहेकै छन् । महिलामाथिको सम्पूर्ण शोषण, दमन र विभेदको अन्त्य भएर मुक्ति नभएसम्म शोषित वर्गको मुक्ति नहुने उद्घोषहरू आइरहेका छन् । त्यसैले आज वर्गसङ्घर्ष र महिला मुक्ति आन्दोलन साथसाथै अघि बढिरहेका छन् ।

यसैक्रममा नेकपाका महासचिव कमरेड विप्लवले ११२ औँ अन्तर ाष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा शुभकामना दिँदै श्रमिक महिला दिवसलाई आफ्नो मुक्ति, अधिकार, स्वतन्त्रता र उच्च मानवसभ्यताका लागि जीवन बलिदान दिन तयार भएर विद्रोह गरेको दिनसँग जोडिएको दिन, महिलाहरूका लागि अन्तर्राष्ट्रिय पर्व, सिङ्गै मानव जातिका लागि गौरवको दिनका रूपमा चर्चा गर्दै श्रम र सिर्जनासँगै पुँजीवाद-दलाल पुँजीवादले लादिरहेका अत्याचार, शोषण एवम् विभेदविरुद्ध सङ्घर्ष र विद्रोह गर्न पनि हरदम तयार रहन आह्वान गरेका छन् । उनले भनेका छन्, 'जहिलेसम्म सिङ्गो मानव समाज पुँजीवादको थिचोमिचोबाट मुक्त हुनेछैन तहिलेसम्म महिलाहरू मुक्त हुने छैनन् । जहिलेसम्म महिलाहरू मुक्त हुने छैनन्, तहिलेसम्म मानव समाज पनि मुक्त हुनेछैन । विश्व पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवाद-साम्यवादको स्थापना नै महिलासँगै मानव मुक्तिको सर्त हो ।' नेकपा सम्बद्ध अखिल नेपाल महिला सङ्घ क्रान्तिकार ीसहित राष्ट्रियताको आन्दोलनमा संयुक्त रूपमा सङ्घर्ष गरिरहेका ६ दल आबद्ध क्रान्तिकारी महिला सङ्गठनहरूले पनि महासचिव कमरेडको यही संश्लेषणअनुसार श्रमिक महिला दिवसमा निरन्तर क्रान्ति जारी राख्ने क्रान्तिकारी उद्घोष गरेका छन् । महासचिव कमरेडले भनेझैँ महिलाहरू मुक्त नभएसम्म मानव समाज पनि मुक्त हुनेछैन । यसका लागि विश्व पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवाद-साम्यवादको स्थापना गर्नु आवश्यक छ । त्यही दिशातर्फ अग्रसर बनौँ, सबैलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको शुभकामना !

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

सन्दर्भ : सहिद सप्ताह २०७८

# सुरुङभित्र प्रकाश छर्ने योद्धा एन्जिला

*मलाई लाग्छ, सहिद-बेपत्ता योद्धालाई दायित्वसँग देश अनि जनताको आत्मनिर्भरतासँग, जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारसँग, मक्किएको व्यवस्थाको ठाउँमा रचनात्मक नयाँनयाँ व्यवस्थासँग सहिदको बलिदानको उद्देश्य जोडिएको हुनुपर्दछ । यिनै सपनासँग नयाँ शिराबाट संस्कार, चेतना, दायित्वलाई क्रान्तिमार्फत बहन गर्न जरुरी छ किनकि यो सही छ, सत्य छ, वैज्ञानिक अनि आवश्यक छ ।*



**सरला रेग्मी**

२०५७ साल चैत १८ गते बिहानै सदाझैँ रेडियो के खोलेकी थिएँ, मेरो मनमस्तिष्क भने केही नयाँ कुराको प्रतीक्षा गरिरहेको थियो । त्यस्तै लागेको थियो मलाई । समाचारमा यतिजना मारिए ? बलात्कृत भए ? त्यो पनि दोहोरो भिडन्तका नाममा आफैँले पक्रेर, आफ्नै कब्जामा रहेका निःशस्त्र नेपाली जनताका छोराछोरीको हत्याको प्रतीक्षामा बसेजस्तो ? कक्षामा पढाइरहेका गुरुको गिरफ्तारी अनि सानासाना स्कुले नानीहरूको हत्याको खबर पर्खेजस्तो ! घरमा रुँघेर बसेका वृद्धवृद्धा बुबाआमालाई लछारपछार गर्दाको आवाज गुन्जेजस्तो !

तर यसको विपरीत हिजो राती गोरखा जेलभित्र रहेका ६ जना 'आतङ्ककारी' बन्दी महिलाहरू सुरुङ खनेर फरार भए भन्ने सुन्न पाइयो । उक्त समाचारले मन ढक्क भयो, छाती गर्वले फुल्यो । म उद्वेलित भएँ । म बसेको ठाउँबाट जुरुक्क उठेँ । खुसीको सीमा रहेन । म बाहिर निस्किएँ । गाउँतिर लागेँ । यो समाचार कसलाई सुनाऊँजस्तो भयो । म त्यो समयमा बाँके, बर्दिया र सुर्खेत अनि सल्यानका केही भाग मिलाएर बनाइएको विशेष जिल्ला इन्चार्ज थिएँ । गोरखामा महिलाहरूले गरेको जेल ब्रेकको उपलक्ष्यलाई हामीले जिल्लाभरि वीरता–धीरता–साहसको उत्सवका रूपमा मनायौँ । यो उत्सव जनताको व्यवस्था ल्याउन गरिएको निकै ठूलो र ऐतिहासिक साहस थियो । जनयुद्धमा महिलाले बच्चा काखमा च्यापेर, पारिवारिक समस्या झेल्दै लामबद्ध हुँदै आफ्ना जिम्मेवारी पूरा गरिराखेका थिए । म पनि त्यही लाममा थिएँ ।

गोरखा जेलभित्र नै सुरुङ खनेर निस्किएका उमा भुजेल, मीना मरहट्टा, रीता विक, कमला नहर्की, सन्जु अर्याल र एन्जिला विकलाई मैले पछि पत्रिका पढेर चिन्ने मौका पाएँ । सामन्तवादी समाजमा महिला र त्यसमा पनि दुईदुईजना विश्वकर्मा महिलाले जेल ब्रेक गर्ने कुरा चानचुने विषय थिएन । यो साहस जनयुद्धले रोपिदिएको थियो । ६ जना नै महिला, त्यसमा पनि रीता र एन्जिलाप्रति उच्च सम्मान पैदा भयो । मेरो मनमा अचम्मको इच्छा जाग्यो उनीहरूलाई भेट्ने । मैले मेरो मनको इच्छा खुसुक्क बहिनी सानुका, पुष्पा दिदी, कौसिला अनि महतरालाई पनि भनेँ । नजिकै रहनुभएका भाइ सरुन र रमणले पनि हाँस्दै सहमति जनाउनुभयो । हामीले अबिर लगाएर खुसी साटासाट गर्यौं । बहिनी पुष्पा, भाइ सरुन र रमण भने सहिद भैसक्नुभएको छ ।

पछि पढ्दा थाहा पाइयो- जेलका अरू महिला साथीहरूले सुरुङ खन्न सुरु गरेको छब्बीसौँ दिनमा गोरखा जेलमा एन्जिला आएकी थिइन् । पहिलादेखि नै सुरुङ खन्न थालेका साथीहरूले एन्जिलालाई शङ्काको दायरामा राखेका रहेछन् । तर एन्जिलाले छोटै समयमा आफ्ना पुराना साथीहरूको मन जितेर सुरुङ खन्ने एउटा जिम्मा लिएकी थिइन् । पाएको जिम्मेवारी पूरा गर्न अन्य महिला बन्दीबाट सुरुङलाई लुकाउन अनि अन्य ड्युटीको रुटिनलाई सरलतापूर्वक पूरा गरेको कुरा कमरेड उमा भुजेलको 'जेल ब्रेक' मा पढ्न पाइन्छ ।

जेल ब्रेकलगत्तै एन्जिला विक बाहिर आएर पनि चुप लागेर बसिनन् । जनयुद्ध हाँकिरहेको पार्टी र त्यसको नेतृत्वलाई देश र जनताको जिम्मेवारी निरन्तर पूरा गर्दै ऐनमौकामा पार्टीका नेताहरूलाई सल्लाहसुझाव दिन पनि पछि परिनन् । राजनीतिक इमानदारी, वैचारिक परिपक्वता र पार्टी-क्रान्तिप्रति बफादारिता भएकाले उनी सक्रिय भैराखिन् । इलाका समिति सदस्यमा रहेर आफ्नो जिम्मेवारीमा रहेकै अवस्थामा सङ्कटकाल लागेको, सेना परिचालन भएको र पार्टीलाई आतङ्ककारी घोषणा गरेको केही समयपछि २०५८ फागुन ५ गते आरुआर्वाङ भोगटेनी (गोरखा) मा पुनः कब्जामा परिन् । सामन्तवादी सत्ताका हिंस्रकहरूले उनलाई चरम यातना दिएर २२ वर्षकै उमेरमा हत्या गरेको खबर मैले सुर्खेतमा सुन्नुपर्‍यो । यसरी भेट्न चाहेको एक योद्धासँग कहिल्यै भेट भएन । उनको हत्याको खबर सुनिरहँदा म सुर्खेतका गाउँगाउँमा सातौँ जनयुद्ध दिवस मात्र मनाइरहेकी थिइनँ, बरु माघ २८ गते ६२ दिनको लामो सैनिक कस्टडीमा रहेका नेता ज्ञामप्रसाद चालिसे, ऋषि घिमिरे र रूपलाल चौधरीलाई हिरासतमै विभिन्न बीभत्स यातनापछि आगोमा पोलेर हत्या गरी दोहोरो भिडन्तमा मारिएको समाचार सुनेकी थिएँ । ज्ञामप्रसाद चालिसे 'आयाम' मेरो जीवनसाथी हुनुहुन्थ्यो । त्यस समयमा मेरो साथमा २ बर्से छोरो ओजोन थिए । जनयुद्ध दिवससँगै आफ्नै श्रीमान्को श्रद्धाञ्जलीसभा पनि मनाइरहेकी थिएँ । आँसु झार्न बर्जित थियो किनकि म नेता थिएँ । जिल्लाकी इन्चार्ज थिएँ । राजनीतिक आयुक्त हुन युद्धमा आँसुलाई पचाउने क्षमता हुनुपर्थ्यो । यस्तै जीवनमा अभ्यस्त थिएँ म ।

एउटी साहसिक योद्धा, त्यसमा पनि जेल ब्रेक गरेर कालकोठरीबाट उज्यालो संसारमा प्रवेश गर्न सकिन्छ भन्ने उपमा योद्धाको भौतिक अन्त्यमा पनि मैले खबर सुन्न छाडिनँ । उनीहरू सुरुङबाट बाहिरिएका समाचारहरू हामी गर्वका साथ कार्यकर्ता र जनतालाई सुनाउँथ्यौँ । जनयुद्धले सिकाएको पाठ सम्झिन्थ्यौँ । महिला मुक्तिको अद्वितीय उदाहरण मान्थ्यौँ । हाम्रा अभियानहरूमा सानुका, पुष्पा, सरुन, रमण र सङ्कलन सक्रिय हुनुहुन्थ्यो । एन्जिलाको सहादत भैरहँदा म सुर्खेतमा उनको जीवनगाथा बाँडिरहेकी थिएँ । साथमा राहुल, सुशीला, रक्षा, जीवन्त, सीमा, रमालगायत योद्धाहरू हुनुहुन्थ्यो ।

### जन्म र जन्मस्थान

एन्जिला विक गोरखा जिल्लाको धावाँ गाविस २ चौतारा (हाल भीमसेन नगरपालिका ४) मा २०३६ साल वैशाख २८ गते जन्मिएकी थिइन् । उनका बुबाआमा टिके विक र बिबा विकमध्ये आमा सानैमा खस्नुभएको थियो । उनका दिदीहरू उजेली र पुष्पा, बहिनी गोलमायामध्ये बहिनी पनि अहिले भौतिक रूपमा हुनुहुन्न । दाजुहरू मानबहादुर, कृष्ण र गोपाल हुनुहुन्छ ।

### पूर्णकालीन

जेलजीवन २०५७/०९/११ अर्साङ हर्रा बिसौनामा एक्कासि प्रहरीले गोली प्रहार गरी मातृका धितालको हत्या गर्‍यो भने उनीसहित दिलबहादुर विकसमेतलाई गिरफ्तार गर्‍यो । गिरफ्तारीपछि २०५७/१२/१७ को गोरखा जेल ब्रेकपछि पुनः जनयुद्धको मोर्चामा आउनुभएको थियो ।

विकट जिल्ला, त्यो पनि गरिबीको चङ्गुलबाट परिवार र समाजका साङ्लाहरू चुँडाल्नु चानचुने थिएन । ती कठिन दिनहरूमा आधारभूत शिक्षालाई पनि जोड्नु अर्को सफलता थियो । प्रावि, निमावि गाउँमै पूरा गरी टाढा रहेको भगवती मावि धाँवाबाट शिक्षा लिन आर्थिक अवस्था अनि पारिवारिक असहमतिका कारण दिदीको घरको सहयोग लिएर पढ्ने निर्णय गर्नुभयो । यसमा दिदीको सक्रिय सहयोग र समर्थन रह्यो ।

९ कक्षा र १० कक्षा अवला माविमा पढ्दै गर्दा अखिल (क्रान्तिकारी) मा आबद्ध हुनुभएको थियो । स्कुलको एकाइमा सङ्गठित भएर सक्रिय हुनुभएकी एन्जिला जनताको दायित्व पूरा गर्न सहिदलाई स्थापित गर्दै जनयुद्धमा होमिनुभयो ।

उनै एन्जिलाले आफैँ सहिद भएर आफ्ना झोलाहरू सुम्पिनुभएको छ । उहाँको सहादत भएको २० वर्ष पुगिसकेको छ । २७ औँ जनयुद्ध दिवस र सहिद सप्ताह २०७८ चलिरहेको छ । जनयुद्धले सहिद सप्ताह पनि स्थापित गरेको छ । जनयुद्धले सहिदहरूलाई साँघुरो घेराबाट विशाल धरातलको बहसमा उभ्याएको छ । जनताको आन्दोलनका कडीहरूलाई जोड्ने साहस गरेको छ । सहिद कृष्णलाल, गङ्गालाल, रामनाथ दाहाल, बिरेन राजवंशी, नेत्र घिमिरे, नेत्रलाल अभागी, आजाद, दिलबहादुर रम्तेल, दिलमाया हुँदै एन्जिलालगायत हजारौँ योद्धाहरूले आफ्नो जीवनको आहुती दिइसकेका छन् ।

हरेक जनयुद्ध अथवा जनआन्दोलनका सहिद तथा बेपत्ता योद्धाको त्याग र बलिदानको अन्तिम ध्येय उत्पीडित जनतालाई गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था गर्नु हो । राष्ट्रलाई आत्मनिर्भर अर्थतन्त्रको विकास गरेर उद्योगधन्दा, कलकारखानाको विकासले जनतालाई आत्मनिर्भर बनाउने ध्येय जनयुद्धको थियो किनकि जनयुद्ध नै नेपालका शासकलाई हल्लाउने महान् अभियान बन्यो । जनताका यिनै आवश्यकता पूरा गर्न मक्किएको दलाल संसदीय व्यवस्थालाई बदल्न जरुरी थियो । यो व्यवस्था र यसका सञ्चालकहरू दिन-प्रतिदिन विदेशीका गोटी बन्दै थिए । मुठीभर केही भुनभुनाउने गुलामहरू बोकेर गुलामकै रेसमा थिए । यसरी जनयुद्ध र बलिदान अनिवार्य बन्यो । बलिदानको खोजबिन गर्नु, स्थापित गर्नु हरेक क्रान्तिकारी पार्टी, नेता अनि राष्ट्रको पहिलो दायित्व हो । यो संस्कार, चेतना अनि दायित्व नबुझ्ने अनि नबोक्ने पार्टी, नेता अनि राष्ट्रले न सहिद बुझ्दछ, न त जनयुद्ध बुझ्दछ, न जनता र जननी नै बुझ्न सक्छ । मलाई लाग्छ, सहिद-बेपत्ता योद्धालाई दायित्वसँग देश अनि जनताको आत्मनिर्भरतासँग, जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारसँग, मक्किएको व्यवस्थाको ठाउँमा रचनात्मक नयाँनयाँ व्यवस्थासँग सहिदको बलिदानको उद्देश्य जोडिएको हुनुपर्दछ । यिनै सपनासँग नयाँ शिराबाट संस्कार, चेतना, दायित्वलाई क्रान्तिमार्फत बहन गर्न जरुरी छ किनकि यो सही छ, सत्य छ, वैज्ञानिक अनि आवश्यक छ ।

महान् सहिद एन्जिलाजस्ता वीराङ्गना जो कलिलै उमेरमा पटकपटकका गिरफ्तारीसँग डराएनन् । समाज र परिवारलाई बुझाउँदै सँगसँगै जनयुद्धमा सामेल हुनु सानो कुरा थिएन । जातीय, लैङ्गिक अनि वर्गीय दरारलाई जनयुद्धबाटै समाधान गर्ने सपना झनै पढ्नलायक छ । त्यही साहसले अँध्यारो सुरुङभित्रबाट उज्यालो छर्ने आँट गरिन् । तिनै योद्धालाई भौतिक रूपमा नभेटेर के भयो त ? सधैँ औँसीको रातमा पनि पूर्णिमाको मशाल बालेर प्रकाश बाँडरहेकी छिन् । उनको प्रकाशमा अँध्यारो भागिरहेको गहिरिएर हेर्नुस् त ! उनका सपनाहरूले घुम्ती र मोडहरू छिचोल्दैछन् । गद्दारी र बदमासीहरूलाई किनारा लगाउँदैछन् । त्यसैले सपनाहरू अगाडि बढिरहेका छन् ।

१८ फागुन, २०७८

### सहिद सप्ताहको सन्दर्भमा सहिदहरूलाई सम्झँदा

सहिद सप्ताहको सुरुआत जनयुद्धको जग (आधार) मा भएको हो । त्यसैले जनयुद्ध र सहिद अथवा बलिदान एकअर्काका पूरकजस्तै हुन् ।

जनयुद्धका सहिद तथा बेपत्ता योद्धाको त्याग र बलिदानको अन्तिम ध्येय उत्पीडित जनतालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारले लैस बनाउनु हो । राष्ट्र आत्मनिर्भर अर्थतन्त्रको विकास गरेर उद्योगधन्दा, कलकारखानाको विकासले मात्र जनतालाई आत्मनिर्भर बनाउने ध्येय जनयुद्धको थियो ।

किनकि जनताका यिनै आवश्यकता पूरा गर्न मक्किएको दलाल पुँजीवादी व्यवस्थालाई बदल्न जरुरी थियो । यो व्यवस्था र यसका सञ्चालकहरू दिनप्रतिदिन विदेशीका गोटी बन्दै मुठीभर केही स्वार्थीहरूको गुलाम बनिरहेका थिए ।

त्यसैले जनयुद्ध अनि सपूतहरूको बलिदान अनिवार्य बनेको हो । सहिद तथा बेपत्ता योद्धाको त्याग र बलिदानको खोजबिन गर्नु, आमजनता, कार्यकर्तामा स्थापित गर्नु हरेक पार्टीनेता अनि राष्ट्रको पहिलो दायित्व हो ।

यो संस्कार, चेतना, दायित्व नबुझ्ने अनि नबोक्ने पार्टीनेता अनि राष्ट्रले न त सहिद बुझ्दछ, न त जनयुद्ध बुझ्दछ, न जनता अनि जननी नै बुझ्न सक्दछ ।

म सहिद तथा बेपत्ता योद्धालाई दायित्वसँग, देशको अनि जनताको आत्मनिर्भरतासँग, जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारसँग, मक्किएको ठाउँमा नयाँनयाँ र विकसित संरचना अनि व्यवस्थासँग सहिदका सपना देख्दछु । यिनै सपनासँग लट्पटिएका सम्झनाहरू बाँड्न थाल्दछु । अनि यसरी नै सम्झिरहन्छु ।

जनयुद्ध अनि सहिदहरूको सपना पूरा नभएको यो अवस्थामा, यही मियोमा हिँड्नेहरूले नयाँ सिराबाट संस्कार, चेतना र दायित्वलाई बहन गर्न तयार हुन जरुरी छ । अवश्य पनि हामीले यो जिम्मेवारी पूरा गर्नेछौँ किनकि यो सही छ, सत्य छ र वैज्ञानिक छ अनि आवश्यक छ ।

# राष्ट्रघातसँगै देउवा सरकारद्वारा महँगीको उपहार

**पेट्रोलको मूल्य १५० र डिजेल–मट्टीतेलको मूल्य १३३ रूपैयाँ**

**काठमाडौं ।**
चारदलीय गठबन्धनको देउवा सरकारले एकातिर एमसीसीमा राष्ट्रघात गरेर जनतालाई राष्ट्रघातको उपहार दिएको छ भने अर्कातिर पेट्रोलको मूल्य प्रतिलिटर १५० रूपैयाँ तथा डिजेल–मट्टीतेलको मूल्य १३३ रूपैयाँ प्रतिलिटर पुऱ्याएर अत्यधिक महँगीको उपहार पनि थपेको छ । जनताको टाउकोमाथि अत्यधिक महँगी लादिँदा पनि सरकारमा बसेका दलहरू चूँसम्म नबोल्नु उनीहरूको जनताप्रतिको गैरजिम्मेवारपन रहेको जानकारहरू बताउँछन् ।

नेपाल आयल निगम सञ्चालक समितिले बिहीबार डिजेल, पेट्रोल र मट्टीतेलको मूल्य प्रतिलिटर ५ रूपैयाँले बढाउने निर्णय गरेको हो । निगमले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा भएको वृद्धिले घाटाको दर ह्वात्तै बढेको बहाना बनाउँदै एकैपटकमा ५ रूपैयाँका दरले मूल्य बढाएको हो ।

# इलाममा सहिद परिवार अभिनन्दित

**इलाम ।**
नेपाल कम्युनिस्ट पार्टी इलामले सहिद सप्ताह २०७८ को अन्तिम दिन सहिद तथा बेपत्ता परिवारलाई अभिनन्दन, सहिद स्मृति प्रतीक्षालय उद्घाटन र सहिद स्मृति चोक नामकरण एकैसाथ गरेको छ । माई नगरपालिकाको मुख्य स्थानमा सहिद स्मृति प्रतीक्षालय निर्माण भएपछि स्थानीय पनि खुसी देखिन्छन् ।

इलामको माई नगरपालिका शितलीस्थित चियाबारीमा रहेको खाली जग्गामा निर्माणाधीन प्रतीक्षालयको उद्घाटनपछि सहिद तथा बेपत्ता परिवारलाई सम्मान तथा शुभकामनापत्र प्रदान गरी कार्यक्रममा उपस्थित १६ जना सहिद परिवारका सदस्यहरूलाई खादा ओडाएर अभिनन्दन गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि रहेका नेकपाका केन्द्रीय सदस्य तथा इलाम इन्चार्ज सुमनसिंहले प्रतीक्षालय र सहिद स्मृति चोकले अनवरत क्रान्तिका पक्षमा बोलिरहने बताए । उनले भने, 'यो समय चरम राष्ट्रघात र जनघात भएको छ । यो बेला सहिदहरू चिहानबाट निस्कने समय हो', उनले भने । उनले सहिदहरूलाई चिहानबाट बाहिर निकाल्ने उद्घोष पनि गरे ।

पुँजीवादीहरूले सहिद र बलिदानको अपमान गरेको उनले बताए । सहिद परिवारको व्यवस्थापन नगर्ने र उनीहरूलाई दुःख दिनेका काम जानाजान गरिएको उनको भनाइ थियो । यसो गरेपछि क्रान्तिप्रति वितृष्णा पैदा हुन्छ भन्ने आसयले यस्तो गरिएको पनि सिंहले बताए । उनले सहिद परिवारलाई आफ्नो परिवारको बलिदानप्रति गर्व गर्न पनि आग्रह गरे । देशमा सबैतिर अत्याचार हुँदा सहिदको सपनाले नै लडिरहेको पनि उनले बताए ।

सहिद तथा बेपत्ता समाज इलामका संयोजक विमल आचार्यले सहिदको बलिदान खेर जान नदिने बताए । उनले इलामका ८४ जना सहिद र २ जना बेपत्ता योद्धाको त्याग र बलिदानको चर्चा गरे । कार्यक्रमको अध्यक्षता पार्टीका जिल्ला सेक्रेटरी मौसमले गरेका थिए भने सञ्चालन जिल्ला सदस्य विनोद मगरले गरेका थिए ।

# प्रगतिशील सरकारबिना मुलुकले निकास पाउन सक्दैन : भुसाल

■ **रातो खबर संवाददाता**/अर्घाखाँची
नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा स्कुलिङ विभाग प्रमुख भेषराज भुसालले संसदीय व्यवस्थाका कारण जनताले आफ्नो अधिकारको प्रत्याभूति गर्न नसकेको बताएका छन् । अर्घाखाँचीको सन्धिखर्कमा बुधबार जनपत्रकार सङ्गठनद्वारा आयोजित पत्रकार सम्मेलनमा नेता भुसालले यस्तो बताएका हुन् ।

नेता भुसालले नेपालमा २००७ सालदेखि अहिलेसम्म संसदीय व्यवस्थाले शासन गरे पनि जनताका पक्षमा काम हुन नसकेको र जनताले अपेक्षा गरेका पात्र नै पटकपटक सांसद र मन्त्री बने पनि देश चरम पुँजीवादको अखडा बनेकाले जनताले निकास पाउन नसकेको प्रस्ट पारे । उनले वास्तविक जनताको सत्ता वैज्ञानिक समाजवाद नै अहिलेको निकास रहेको पनि बताए ।

नेता भुसालले वर्तमान सरकारले शान्तिपूर्ण ढङ्गबाट राष्ट्रिय राजनीतिका अन्तरविरोधहरूलाई हल गरेर जनतालाई राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सुनिश्चितता गर्न नसक्ने भएकाले मुलुकमा प्रगतिशील सरकारको आवश्यकता रहेको र आफूहरूले प्रगतिशील सकारको अवधारणा र खाका जनताको भावनाअनुसार नै प्रस्तुत गरेको पनि बताए ।

नेता भुसालले राष्ट्रघाती एमसीसी सम्झौता जनताको भावनाविपरीत सदनबाट पास गरेर वर्तमान सरकारले कलङ्कको टीका लगाएको बताए । एमसीसीसविरुद्ध हरेक पार्टीभित्रका देशभक्त, परिवर्तनप्रेमी, क्रान्तिकारीको एउटै मोर्चा बनाएर सङ्घर्ष गर्नुपर्ने उनको भनाइ थियो

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा अर्घाखाँची–कपिलवस्तु इन्चार्ज पदम केसी, जिल्ला सेक्रेटरी खेम घर्तीमगर, सल्लाहकार टामलाल बस्याल 'प्रवास', अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य नवीन खड्का, पत्रकार महासङ्घका लुम्बिनी प्रदेश सदस्य प्रेमनारायण आचार्य, जिल्ला अध्यक्ष अशोक खनाल तथा विभिन्न मिडियामा आबद्ध पत्रकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रम जनपत्रकार सङ्गठनका लुम्बिनी प्रदेश सचिव तथा जिल्ला इन्चार्ज अनिल नेपालीको अध्यक्षता र जिल्ला सदस्य गिरिजा खड्काको सञ्चालनमा सम्पन्न भएको थियो ।

# सहिद सप्ताहमा ओखलढुङ्गामा सडक मर्मत तथा सरसफाइ

**ओखलढुङ्गा ।**
सहिद सप्ताहका अवसरमा नेपाल कम्युनिस्ट पार्टी ओखलढुङ्गाले मानेभञ्ज्याङ गापा ४ अवस्थित पङ्ख्नु–केतुके सडक मर्मत तथा सरसफाइ गरेको छ ।

नेकपा ओखलढुङ्गा जिल्ला सेक्रेटरी दिनेश सारूको नेतृत्वमा सम्पन्न निर्माणकार्यमा नेकपाका नेता तथा कार्यकर्ता र स्थानीय बासिन्दाको सहभागिता रहेको बताइएको छ । उक्त टोलीले करिब तीन किमि बाटो मर्मत तथा सफा गरेको पनि प्राप्त समाचारमा उल्लेख छ ।

सडक बिग्रिएर सवारीसाधन चलाउन कठिन भएको र सर्वसाधारणले स्थानीय निकायसँग गुहार माग्दा सम्बन्धित पक्षले बेवास्ता गरेपछि स्थानीय बासिन्दाको मर्का बुझेर नेकपाले बाटो सफा र मर्मत गरेको नेकपा ओखलढुङ्गाका नेता युवन राईले बताए ।

# उदयपुरमा सहिद परिवारको सम्मान

■ **अनिता गजमेर**/उदयपुर
नेकपा उदयपुरले जनयुद्धका सहिद परिवारलाई दोसल्ला ओढाई सम्मानपत्र वितरण गरेर सम्मान गरेको छ ।

सहिद सप्ताह कार्यक्रमका प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य तथा उदयपुर–ओखलढुङ्गा इन्चार्ज विवेक कुमालले देश सङ्कटमा परेको बेला सहिद परिवारलाई सम्मान गरेको बताए ।

जनयुद्ध, एकीकृत जनक्रान्ति र सुखानीको जङ्गलमा बलिदान गर्ने सहिद तथा बेपत्ता योद्धाहरूलाई सम्झिँदै उनले सहिदको योगदान अतुलनीय रहेको बताए । सहिदका सपना पूरा गर्न सहिदको रगतको टीका लगाएको पनि उनले बताए ।

सहिदहरूको ठूलो बलिदानका कारण आज देशमा परिवर्तन भएको र सहिदका अधुरा सपना पूरा गर्न परिवारले कुन पार्टी सही हो, कुन पार्टी गलत हो भन्ने थाहा पाएर क्रान्तिमा लामबद्ध हुनुपर्ने बताए ।

उदयपुर जिल्ला सेक्रेटरी लक्ष्मण पौड्यालले नेपालको राजनीतिमा विशिष्ट परिवेशमा सहिद सप्ताह मनाउँदै गरेको स्मरण गराउँदै सहिद परिवारले जनक्रान्तिप्रति पूरा विश्वास गर्नुपर्ने बताए ।

देशमा जनताले अधिकार नपाएसम्म आफूहरू लडिरहने उद्घोष गर्दै उनले प्रचण्ड–बाबुरामले जनतालाई धोका दिँदै आफ्नै टाउकाको मूल्य तोकेनेहरूसँग घाँटी जोड्न पुगेको बताए । सहिदका रगत त्यसै खेर जान नदिन पनि सबै सहिद परिवार क्रान्तिको यात्रामा लामबद्ध हुनुपर्ने उनको भनाइ थियो ।

सहिद सप्ताहका अवसरमा नेकपा उदयपुरले दुर्गा तामाङको अध्यक्षतामा ९ सदस्यीय जनक्रान्तिका महान् सहिद परिवार सङ्गठन नेपाल गठन गरेको छ ।

कार्यक्रमको अध्यक्षता नेकपाका कार्यालय सचिव तथा सहिद परिवार समाज नेपालका जिल्ला संयोजक दुर्गा तामाङले र सञ्चालन उदयपुर त्रियुगा नपाका इन्चार्ज मीनप्रसाद पोखेलले गरेका थिए ।

# अन्तर्राष्ट्रिय श्रमिक महिला....

थापाले महिलाहरू धार्मिक, सांस्कृतिक, राजनीतिक, सामाजिक र आर्थिक रूपमा थिचोमिचोमा परेको बताए । प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै उनले नेपालको अहिलेको राज्यव्यवस्था प्रतिक्रियावादी भएको र सत्ता सञ्चालन गर्ने दलहरू नै विदेशीको दलाल भएको बताए । यस्तो व्यवस्थामा महिलाहरूले कहिल्यै अधिकार पाउन नसक्ने उनले बताए ।

कार्यक्रममा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य उमा भुजेलले ११२ वर्षसम्म संसारमा महिला अधिकारका कुराहरू सुन्दासुन्दा कानै थाकिसकेको भए पनि अझै महिलाहरूले समानता प्राप्त गर्न नसकेको बताइन् । ११२ वर्षपहिले महिला अधिकारको जति सान्दर्भिकता थियो त्यो कुरा अहिले पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गर्दै उनले जनयुद्धले राज्यमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको भए पनि त्यो पूर्ण नरहेको बताइन् ।

नेत्री भुजेलले एमसीसी पारित गरेर नेपालको संसद्बाट देश बेचिएको धारणा व्यक्त गरिन् । नेपालमा रहेको सरकार र राज्यव्यवस्था जनता र राष्ट्रको हितमा नभएको हुनाले जनताको समाजवादी राज्य व्यवस्थाले मात्रै जनता र राष्ट्रको हितमा काम गर्न सक्ने र त्यही राज्य व्यवस्थाले मात्रै महिलालाई पूर्ण अधिकार प्रदान गर्ने उनले बताइन् ।

राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले नेपालको संसद्बाट एमसीसी पास गर्नु देशको हितविपरीतको कार्य भएको बताइन् । देशै नरहे महिलाले अधिकार माग्ने ठाउँ पनि नरहने भन्दै उनले आउने निर्वाचनबाट जनताले राष्ट्रघातीहरूलाई हराउनुपर्ने धारणा व्यक्त गरिन् ।

शान्तिवाटिकामा मङ्गलबार आयोजित कार्यक्रममा नेकपाकी केन्द्रीय सदस्य एवम् अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्दले अध्यक्षको स्थानबाट महिलाहरूले समानता र स्वाधीनताका लागि सङ्घर्ष जारी राखेको र वैज्ञानिक समाजवाद स्थापनापछि महिलामाथिको शोषण र विभेद अन्त्य हुने बताइन् । नेकपानेत्री चन्दले देशको स्वाधीनता नै सङ्कटमा परेको बेला महिलाहरू मौन भएर बस्न नसक्ने बताइन् । उनले पितृसत्तात्मक सामन्ती तथा पुँजीवादी उत्पीडन, शोषणका विरुद्ध एकताबद्ध भएर सङ्घर्ष गर्नुपर्ने बताइन् ।

कार्यक्रममा वैज्ञानिक समाजवादी महिला सङ्गठनकी अध्यक्ष धनकुमारी सुनार, अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अध्यक्ष धनकुमारी मगर, अखिल नेपाल महिला युनियनकी सीता सुवेदी, शारदा श्रेष्ठलगायत नेत्रीहरूले सम्बोधन गरेका थिए ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा आयोजित उक्त सभा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्दको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रमको सञ्चालन अखिल नेपाल महिला संघ क्रान्तिकारीकी नेत्री अम्बिका मुडभरीले गरेकी थिइन् ।

ऋतु केसीले स्वागत मन्तव्य दिएको सभामा सामना परिवारका महिला कलाकारले क्रान्तिकारी गीत तथा नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा विष्णु न्यौपाने, प्रजिना दर्लाल, शोभा दुलाल, फूलमती, यात्री बोगटी, सुशीला बन्जाडेलगायत कविले महिलामुक्तिसम्बन्धी कविता प्रस्तुत गरेका थिए ।

# ८ मार्चको ऐतिहासिकता र महिला सङ्घर्ष


बन्धु चन्द

श्रमिक महिलाहरूको महान् दिन ८ मार्च अर्थात् अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस यस वर्ष नेपाललगायत संसारभरका महिलाहरूले विविध कार्यक्रमको आयोजना गरी मनाउँदैछन् । नेपालमा यस दिन महिलाहरूका लागि सार्वजनिक बिदा दिइन्छ । महिला तथा बालबालिका मन्त्रालय र राष्ट्रिय महिला आयोगले सरकारी नारा तय गर्छन् अनि औपचारिक कार्यक्रम गरी यो दिन बिताइन्छ । गैरसरकारी र राजनीतिक महिला सङ्गठनहरूले तत्कालीन विषयवस्तु र राजनीतिक परिवेशअनुसारका नाराहरू तय गरी विविध कार्यक्रमका साथ मनाउने गर्दछन् ।

यस वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन थालेको १०८ वर्ष भएको छ । एक शताब्दीभन्दा बढी समय गुजार्दै आएको यस दिनको ऐतिहासिक महत्व र महिलाका बारेमा (किनकि यो महिला दिवस हो) हरेक वर्षको फागुनको चौथो साता व्यापक चर्चा–परिचर्चा हुने गर्दछ । मानौँ देश महिलामय भएको छ । सडकदेखि सदनसम्म, ५ तारे होटेलदेखि चियापसलसम्म, राज्यका महत्वपूर्ण निकायका महिलादेखि सर्वसाधारण महिलासम्म, सार्वजनिक अन्तरक्रिया–बहसदेखि अखबारका पाना हुँदै सामाजिक सञ्जालका वालसम्म महिलामय वातावरण बन्छ । कसैले मजदुर महिलाका कुरा उठाउँछ, कसैले किसान महिलाका, कसैले भोको पेटको कुरा उठाउँछ त कसैले नाङ्गो आङको, कसैले वृद्धाश्रमका वृद्ध–आमाहरूको कुरा उठाउँछ त कसैले रोगले थला परेका, उपचार नपाएका, सुत्केरी हुन नसकेर ज्यान गुमाएका महिलाहरूको । कसैले राष्ट्रपति, मन्त्री र सांसदहरूको गुनगान गाउँछ त कसैले बलात्कारको, चित्कारको कथा सुनाउँछ । गोप्य देहव्यापारका खासखुसदेखि कसैले न्यून ज्यालाको अवस्था बताउँछ । कसैले विदेशी भूमिमा बेचिएका चेलीहरूको व्यथा सुनाउँछ । यो समयमा महिला समुदाय राज्यसंयन्त्रका लागि एक दिनको खाजा बन्छ, साहित्यकारहरूका लागि साहित्यिक विधाको निर्विवाद शीर्षक बन्छ । पत्रकारहरूका लागि पत्रिका ढाकने सामग्री बन्छ । सकारात्मक होस् वा नकारात्मक हरेकको एउटा बहसको विषय बन्छ । जे होस्, हिन्दु सांस्कृतिक समाजमा तीजलाई महिलाहरूको पर्व (यद्यपि यसको प्रसङ्ग र सन्दर्भ फरक छ) मानिएजस्तै संसारभरका राज्यव्यवस्थाले ८ मार्चलाई महिला दिवसका रूपमा राजनीतिक मान्यता दिएका छन् । ८ मार्चको सन्दर्भमा कुरा गर्दा जजसले जेजे कुरा, तर्क र बहस गरे पनि यसका दुईवटा पक्षलाई उल्लेख गर्नु आवश्यक छ : एउटा यसको ऐतिहासिक महत्व तथा यसलाई आत्मसात गर्ने पक्ष र अर्को त्यसको मान्यताको औपचारिकता ।

सबैलाई थाहा भएकै कुरा हो, ८ मार्चको इतिहास श्रमिक महिलाहरूको सङ्घर्षको इतिहास हो । सामन्तवादले घरेलु दास बनाएका महिलालाई पुँजीवादको प्रादुर्भावसँगै कलकारखानाका मजदुरका रूपमा रूपान्तरण गऱ्यो । सामन्तवादको पुरुषको हैकम पुँजीवादमा पनि कमी भएन किनकि त्यहाँ पनि पुरुषलाई भन्दा महिलालाई बढी काममा लगाउने, कम ज्याला दिने काम गरियो । दैनिक १५–१६ घन्टा काम गर्ने मजदुर महिलाहरूले त्योभन्दा कम समय काम गर्ने पुरुषभन्दा पनि कम ज्याला पाउँथे । कारखानाका मालिकहरूले उनीहरूमाथि गरेको शोषण–अत्याचारका विरुद्ध अमेरिकाको न्युयोर्क सहरको सुती कपडा कारखानाका महिला मजदुर हरूले ८ मार्चकै दिन पहिलोपटक हडताल गरेर मालिकका विरुद्ध सङ्गठित विद्रोह गरेका थिए । यसको सिलसिला क्रमशः विस्तार हुँदै अमेरिकाबाट युरोपसम्म पुग्यो र यो ठूलो मजदुर आन्दोलनका रूपमा विकास हुन पुग्यो । ती सङ्घर्षहरूको निरन्तरताको परिणामस्वरूप महिला श्रमिकहरूले राखेका समान कामको समान ज्याला, ८ घन्टा काम ८ घन्टा आराम ८ घन्टा मनोरञ्जन, ट्रेड युनियन अधिकारलगायत मागहरू पूरा गर्न पुँजीपतिहरू बाध्य भएका थिए । यसको ऐतिहासिकतालाई अध्ययन गर्दा थाहा पाउन सकिन्छ– यो महिलाहरूको काम र सङ्घर्षको प्रतिफल थियो । आफ्नो कामप्रति महिलाले गर्ने आत्मसम्मान र आत्मगौरवको अभिव्यक्ति थियो । त्यस्तै पुँजीपतिहरूका लागि महिलाश्रमको महत्वबोध, आवश्यकता र त्यसको मूल्यको स्वीकारोक्ति थियो । घटनाक्रमहरू हेर्दा स्पष्ट देखिन्छ– त्यहाँ महिला आन्दोलन मात्र होइन, वर्गसङ्घर्ष थियो र वर्गसङ्घर्षबाट नै महिलाहरूले उपलब्धि हासिल गरेका थिए । त्यही वर्गसङ्घर्ष नै पुँजीवादका विरुद्ध समाजवादी राज्यव्यवस्था स्थापना गर्ने महत्वपूर्ण हतियार बन्यो र सोभियत सङ्घलगायत पूर्वी युरोपमा मार्क्सवादी दर्शनमा आधारित वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना भयो । मजदुर महिला सङ्घर्षको यो ऐतिहासिकतालाई राजनीतिक आन्दोलनमा उठाउँदै अन्तर्राष्ट्रिय सामाजवादी महिला नेत्री क्लारा जेट्किनले सन् १९१० मा डेनमार्कको कोपनहेगनमा भएको अन्तर्राष्ट्रिय महिला सम्मेलनमा ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा मनाउने प्रस्ताव राखिन् । सोही सम्मेलनले उक्त प्रस्ताव पारित गऱ्यो । त्यसपछि प्रत्येक वर्ष ८ मार्चमा यो दिवस मनाउन थालियो । श्रमिक वर्ग वा श्रमिक महिलाहरूको सङ्घर्षको इतिहास भएकाले यसलाई श्रमिक महिला दिवस भनिएको हो ।


संसारभरमा यो दिवस स्थापित भइसकेपछि संयुक्त राष्ट्रसङ्घले पनि मान्यता दियो । त्यसपछि यो सबै महिलाहरूका लागि साझा दिवस बन्न पुग्यो तर पुँजीवादी महिलाहरूले अर्थात् सत्ताधारी महिलाहरूले यसलाई श्रमिक महिला दिवस भन्न रुचाउँदैनन् । उनीहरू नारी वा महिला दिवस भन्न रुचाउँछन् । यो भनेको राज्यले स्वीकार गरिसकेपछि महिला भएको नाताले यसको मान्यतालाई औपचारिकता दिएको कुरा मात्र हो । यस्तो मान्यता राख्ने महिलाहरूले श्रमिक वर्ग र सङ्घर्षको कुरा गर्दैनन्, खालि महिला दिवसको औपचारिकता मात्र पूरा गर्छन् ।

नेपालका सन्दर्भमा ८ मार्चलाई स्मरण गर्दा क्रान्तिकारी महिलाहरूले यसलाई सामाजिक राजनीतिक आन्दोलनका रूपमा मनाउँदै आएको इतिहास छ । विगत १० वर्षे जनयुद्धकालमा ती महिलाहरूले यसलाई महिला अधिकार र महिला मुक्तिको सङ्घर्षकै रूपमा मनाए जसको फलस्वरूप अहिले राजनीतिक र सामाजिक रूपमा महिला अधिकारका नाराहरू स्थापित हुन पुगेका छन् । यथास्थितिवादी महिलाहरूले भने पञ्चायतकालदेखि अहिलेसम्म माथि उल्लेख गरिएजस्तै औपचारिकतामा मात्र सीमित गर्दै आएका छन् ।

अहिले देशमा गणतन्त्र आएको छ, राजनीतिक रूपमा महिलाको ३३ प्रतिशत सहभागिताको संवैधानिक व्यवस्था गरिएको छ तर जीवन व्यवहारमा भने त्यो लागू हुनसकेको छैन । महिलाका वर्गीय र सामाजिक मुद्दाहरूको कहीँकतै उल्लेख र सुनुवाइ हुने स्थिति छैन । महिलाका समस्याहरू दिनदिनै झनै विकराल बन्दै गएका छन् । महिला हिंसा, हत्या, बलात्कार, बेचबिखन, ठगी, बहुविवाह, सम्बन्धविच्छेद, बेरोजगारी, श्रमशोषण आदि कुरा यति बढेर गएका छन् कि कुनै पनि महिला स्वावलम्बी र सुरक्षित हुने स्थिति छैन । यी सबै समस्याको जरो पहिल्याउँदै जाने हो भने नेपालमा हावी भएको दलाल पुँजीवाद र त्यसलाई संरक्षण गर्ने दलाल संसदीय व्यवस्था नै देखिन्छ । त्यसैले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको ऐतिहासिक महत्वलाई आत्मसात गर्दै यस वर्षको श्रमिक महिला दिवस मनाउने हरेक श्रमजीवी तथा उत्पीडित महिलाले महिलामाथि भइरहेका सम्पूर्ण हिंसा, दमन र उत्पीडनका विरुद्ध सङ्घर्ष गर्दै दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवाद स्थापना गर्ने बाटोमा अघि बढ्नुको विकल्प छैन । यही कुरामा दृढताका साथ अघि बढौँ । १०८ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्यताका साथ मनाऔँ ।

*(रातो खबर साप्ताहिक २०७४ बाट सामान्य परिमार्जनसहित प्रकाशित– सम्पादक)*

# संसदीय राजनीतिको असफलता र क्रान्तिकारी ध्रुवीकरणको आवश्यकता


असल क्षेत्री

नेपाली राजनीति यति बेला बेस्सरी तरङ्गित भएको छ। विज्ञान र प्रविधिको आजको दुनियाँमा राजनीतिक महत्व होस् वा आर्थिक महत्वका विषयहरू हुन्, बुझेर वा नबुझेर त्यसका तरङ्गहरू गाउँगाउँ र टोलटोलसम्म पुग्ने गर्दछन् । अमेरिकी सहयोग भनिएको परियोजना :ऋऋ ले पनि अहिले गाउँ, सहर र टोलसम्मलाई प्रभावित गरेको छ । ठूलो शक्ति यो परियोजनाका विपक्षमा उभिएको छ भने केही मुठीभर नेताहरू यसका पक्षमा उभिएका छन् र संसद्बाट कथित व्याख्यात्मक टिप्पणीको जलप लगाएर पारित गरिएको छ। पूरै देश र जनता :ऋऋ को विपक्षमा आन्दोलित भैरहँदा पारित हुनु दुर्भाग्यपूर्ण नै मान्नुपर्छ । पारित भैसकेपछि आन्दोलनको स्वरूप बदलिएको छ तर आन्दोलन सकिएको छैन, अझै पूरै देश ञअअ का बिरुद्धको आन्दोलनमा छ । गाउँ, सहर र सडकमा सबैको स्वर एमसीसी खारेज गर भन्ने नाराले गुन्जिइरहेको छ। वामपन्थी, प्रगतिशील र राष्ट्रवादी शक्तिहरू एक भएर अन्दोलनमा केन्द्रित भएका छन् । अमेरिकी सहयोग भनिएको परियोजनाले नेपालमा विवाद मात्र उत्पन्न गरेको छैन, नेपालको समग्र राजनीतिलाई ध्रुवीकृत गर्दै लगेको छ । राष्ट्रवादी र दलाल, वामपन्थी, प्रगतिशील र दक्षिणपन्थी, क्रान्तिकारी र गैरक्रान्तिकारी गरेर बिस्तारै दुई ध्रुवमा कित्ताबन्दी गर्दै लगेको छ । राजनीतिमा पैदा हुदै गएको ध्रुवीकरण र कित्ताबन्दीले सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्ने त निश्चित नै छ । विगत लामो समयदेखि राष्ट्रघातीका नाममा कुख्याती कमाउँदै आएको नेपाली काङ्ग्रेसले राष्ट्रघाती अमेरिकी परियोजनाको कडा पक्षधर बन्दै संसद्मा वकालत गऱ्यो । प्रचण्ड र माधव नेपालसमेतलाई आफूसँगै राष्ट्रघातको साझेदार बनायो भने एमालेको पनि त्यसको साक्षी बस्नेबाहेकको भूमिका रहेन । काङ्ग्रेससँगै बाबुराममार्काका केही गनिएका बौद्धिक दलालहरू पनि यसका पक्षमा दह्रोसँग उभिए । यो कुनै आश्चर्यको कुरा भने हैन । राष्ट्रघाती एमसीसी परियोजनाले नेपालको राजनीतिमा दुई प्रकारको राजनीतिक स्थिति उत्पन्न गरेको छ। अहिले नेपालमा देखिएको निम्न स्थितिबारे चर्चा गरौँ ।

अमेरिकी परियोजना सही हो, यसमा कुनै शङ्का गर्नु पर्दैन । विदेशी लगानी नेपालजस्तो अल्पविकसित मुलुकका निम्ति स्वीकार्नु राम्रो हुन्छ । यसको नेतृत्व काङ्ग्रेसले गर्ने गरेको छ । कोसी सम्झौतादेखि आजसम्म राष्ट्र र जनताका नाममा धेरैपटक राष्ट्रघात गरेर बदनामी कमाएको काङ्ग्रेस यसपटक पनि राष्ट्रघात गरेर अमेरिकी सच्चा दलालका रूपमा आफूलाई चिनाउन सफल भएको छ । काङ्ग्रेसले भारतको दलाली गर्दा कोसी, गण्डक, महाकालीजस्ता नेपाली नदीहरू गुमाउनुपरेको तथ्य नेपाली जनतासामु ताजै छ । मूल नेतृत्वमा पुरानै अनुहार भए पनि अन्य तहमा आजको नयाँ युवापिँढी आइपुग्दासमेत नेपाली काङ्ग्रेस नसुध्रिनु उसकै लागि पनि ठूलो दुर्भाग्यको कुरा हो । जनयुद्धमा जनतामा ठूलो दमन र हत्याकाण्डको नेतृत्वदायी भूमिका निर्वाह गरेको नेपाली काङ्ग्रेस सामान्य तरिकाले त्यसको सोच र चिन्तनहरूमा बदलाव आउने सम्भावना देखिँदैन । जनयुद्धवाट आएको भनिएको नेतृत्व प्रचण्ड पनि अन्ततः काङ्ग्रेसी कित्तामा उभिएका छन् र एमसीसी पास गर्नु ठूलो गौरवको विषय बनाइरहेका छन् । काङ्ग्रेसीजनहरूसँगै दीपावली गरिरहेका छन् र विजयउत्सव मनाइरहेका छन् । राष्ट्रवादी जनताको छातीमा बुट बजारेर अँध्यारोमा पारित गरिएको सम्झौता नेपाल राष्ट्र र नेपाली जनताको स्वाधीनता, स्वाभिमान र हितविपरीत छ । सीमित नेताहरूको सत्तास्वार्थ र कमिसनको खेलमा गरिएको सम्झौता नेपाल र नेपाली जनताको मनमनबाट खारेज भएको छ । राष्ट्रघातीको पर्याय बनेको नेपाली काङ्ग्रेससँगै कथित नामधारी कम्युनिस्टहरू पनि नवकाङ्ग्रेसीझैँ बनेर त्यही बाटो पछ्याउनु नेपाली जनताका निम्ति दुःखद् कुरा हो । आफ्नै कार्यकर्ता खारेजीको अभियानमा बानेश्वरमा टाउको फुटाइरहेको बेला बीआईसीसी भवनभित्र जनता र आफ्नै क्रान्तिकारी चेत भएका कार्यकर्ताको अपमान गर्दै अमेरिकी साम्राज्यवादको सच्चा दलाल को बन्ने भन्ने प्रतिस्पर्धात्मक खेल खेल्दै नेपालको स्वाभिमान र स्वाधीनतालाई दाउमा राख्दै गरिएको सम्झौता नेपालको इतिहासमा कालो दिनका रूपमा अङ्कित हुनेछ । नेपाली जनताले एक दिन यसको समग्र हिसाबकिताब र मूल्य चुक्ता हुने गरी आन्दोलनको आँधीबेहरीको सृष्टि गर्नेछन् । त्यो आँधीबेहरीले दलाल व्यवस्था र दलाल पात्रको पनि अन्त्य गर्नेछ ।

सम्झौता नेपालको स्वाधीनता स्वाभिमानका विरुद्ध छ भन्ने संसद् भवनभित्र सानो तर सशक्त र बाहिर जोडदार शक्ति र आन्दोलन बन्यो । एमाले अन्ततः फेरि पनि न भाले न पोथीको जिम्मेवारीभन्दा माथि उठ्न सकेन । राष्ट्रघातमा देउवा, प्रचण्ड र नेपालले हस्ताक्षर गर्दै गर्दा उसलाई वेल घेरेर आफ्नो राजनीतिक स्वार्थमा भन्दा अर्को कुनै कुराले छोएन । तर केही क्रान्तिकारी सोचाइ र चिन्तन बोकेका सांसदहरू आफ्नो पार्टीभन्दा माथि उठेर नेपालको स्वाधीनताका पक्षमा खरो उत्रिए । बाहिरी जनताको नेतृत्व नेकपालगायत क्रान्तिकारी पार्टीहरूले गरिरहे । संसद् जनताको आवाज बुलन्द गर्ने थलो हैन, नेपालको स्वाधीनता बेच्ने थलोमा परिणत हुँदै गर्दा राष्ट्रवादी जनताले सडकबाट खबरदारी गरिरहे तर साम्राज्यवादका तल्लु र सत्ताको मात चढेका काङ्ग्रेस, माके, एसलगाएत दलहरूले नेपालको स्वाभिमानका विरुद्ध हस्ताक्षर गरिरहे । उनीहरूलाई जनताको खबरदारीभन्दा आफ्ना मालिक रिसाउने पो हुन् कि भन्ने चिन्ताले पिरोलेको देखियो । क्रान्तिकारी जनताको नेतृत्व नेकपालगायत राष्ट्रवादी दलहरूले कुनै कसर बाँकी नराखेर गरे । ठूलो जनसागरसहित प्रदर्शनहरू बानेश्वरमा चलिरहँदा सत्ताको मात र साम्राज्यवादका नेपाली दलालहरू संसद् भवनभित्र सित्तैँमा अमेरिकाले दिएको पैसा किन फिर्ता पठाउने ? अझै हामी चीन, भारतलगायत विश्वभर कचौरा लगेर माग्न जानुपर्छ भनेजस्ता तर्क गर्दै थिए । आफूलाई स्वाभिमानी नेपाली हैन, भिकारीका रूपमा चित्रण गर्दै रोस्टमबाट ठूलोठूलो स्वरमा कराउदै भिक मागेको शैली प्रस्तुत गर्दै थिए । संसद् भवनभित्र हुने राष्ट्रघात न जनताले रोक्न सक्थे, न त दलाल व्यवस्थाको संसद् भवनभित्र मर्यादित बहसबाट सही निष्कर्ष निस्कन सम्भव थियो ।

अबको विकल्प

क्रान्ति नै यसको सही र क्रान्तिकारी विकल्प हो । आज देश र नेपाली जनताले को राष्ट्रघाती, को दलाल भन्ने कुरा फेरि एकपटक प्रस्टसँग चिनेका छन् । नेपाली काङ्ग्रेस पुरानै राष्ट्रघातमा आफ्नो पहिचान बनाइसकेको पार्टी हो तर नेपाली जनता प्रचण्ड-नेपालहरूसँग केही भ्रममा थिए, त्यो कुरा एमसीसीले गर्दा छर्लङ्ग भएको छ । उनीहरूले लगाएको मुकुन्डो फेरि एकपटक उध्रिएको छ । व्याख्यात्मक टिप्पणी नामको बर्कोले छोप्न खोजे पनि सबैले देख्ने गरी दलालीको पराकाष्टा नै हो भन्नेमा आज राष्ट्रवादी नेपाली जनता पुगेको देखिन्छ । नेपाली दलालहरूका विरुद्ध क्रान्तिकारी राष्ट्रवादी नेपालीले एक ढिक्का भएर क्रान्तिको उठान गर्नुपर्ने बेला आएको छ । जनताको मनमनबाट बहिष्कृत र खारेज गरिएको कथित एमसीसी सम्झौतालाई कार्यान्वयनको तहमा नपुग्दै स्थगनको स्थितिमा पुऱ्याउनुपर्छ । यस आन्दोलनले एमसीसी कार्यान्वयन स्थगन मात्र हैन, दलाल व्यवस्था र दलाल पात्रहरूलाई पनि छानेर दण्डित गर्ने बेला आएको छ । साम्राज्यवादी देशहरूको इच्छा पूरा गर्न नेपाली जनताको छातीमा बुट बजार्ने र नेपाली आमाको अस्मितासँग खेल्ने छूट स्वाभिमानी नेपालीले दिनु हुँदैन । नेपाल र नेपालीको स्वाभिमान पार्टीनेताको स्वार्थ र साम्राज्यवादी इच्छाहरूमा साट्न सकिँदैन । हाम्रो देश गरिब होला, हामी नेपाली गरिब हौँला तर हाम्रो गरिबीको मन साटेर बिक्री गर्ने छूट नेताहरूलाई छैन । नेपाल गरिब हुनुको कारण पनि नेपाली नेता र नेपालमा चलेको दलाल व्यवस्था नै हो । जनचाहनाअनुरूपको व्यवस्था र सही योजना नहुनु नै हाम्रो देश गरिब हुनुको परिणाम हो । यसमा नेपाली जनताको कमजोरी छैन र हुन सक्दैन । यो कमजोरी राज्यको र राज्य सञ्चालनमा बसेका पात्रहरूको हो ।

अन्त्यमा क्रान्ति जनताले किन गर्दछन्, किन मान्छे बलिदान गर्न तयार हुन्छ किनकि जनतामा जब अन्याय हुन्छ, जब स्वाभिमानमा ठेस पुग्छ, जब देशमा साम्राज्यवादी बुट बज्रन्छ र हस्तक्षेप बढ्ने गर्दछ अनि क्रान्ति हुन्छ, अनि मान्छे देशका लागि, आफ्नो स्वाभिमानका लागि बलिदान गर्न तयार हुन्छ । हो, आज नेपाली जनताले त्यही महसुस गरेका छन् । आज नेपाली जनताको मुटुमा साम्राज्यवादी बुट बज्रिएको छ । साम्राज्यवादलाई परास्त गर्न क्रान्तिको उठान गर्नुपर्ने बेला आएको छ । क्रान्तिको विजय सबै राष्ट्रवादी क्रान्तिकारी कम्युनिस्टहरूको बृहत् मोर्चा र आमनेपाली जनताको एकताले मात्र सम्भव छ ।

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

# सहिद तथा बेपत्ता योद्धाहरूको सपना साकार पार्ने दायित्व


सावित्रा दुरा 'आस्था'

महान् जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेल (२०५२ फागुन १४) र झापा विद्रोहका सहिदहरू– नेत्र घिमिरे, कृष्ण कुइँकेल, रामनाथ दाहाल, विरेन राजवंशी र नारायण श्रेष्ठ (२०२९ फागुन २१) सहादत भएको ऐतिहासिक दिनलाई जोडेर हामी प्रत्येक वर्ष सहिद सप्ताह मनाउने गर्दछौँ । सहिद सप्ताहको यस सन्दर्भमा महान् जनयुद्ध, एकीकृत जनक्रान्ति र विभिन्न क्रान्ति र मुक्ति अभियानमा बलिदान गर्नुहुने सम्पूर्ण आदरणीय सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु । सम्पूर्ण बेपत्ता योद्धाहरूप्रति गहिरो तथा न्यानो अभिवादनसहित सम्मान व्यक्त गर्दछु । सम्पूर्ण घाइते योद्धाहरू, जेलमा हुनुहुने राजबन्दी कमरेडहरूमा उच्च सम्मान तथा स्मरण गर्दछु । बलिदान गर्नुहुने सहिद तथा बेपत्ता योद्धाका परिवारहरूलाई अविचलित भई सहिद तथा बेपत्ता योद्धाहरूले देखेको सपना पूरा गर्न नयाँ सङ्कल्पसहित अघि बढ्न र आफू पनि निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

क्रान्ति धेरै अप्ठ्यारो बाटोबाट अघि बढ्ने गर्छ । ठूलाठूला अप्ठ्यारा र चुनौतीका पहाडहरूलाई पन्छाएर मात्र क्रान्ति पूरा हुने गर्दछ । अवरोधका पर्खालहरू पन्छाउँदै बलिदानका हजारौं शृङ्खलाहरू पार गर्नुपर्ने हुन्छ । जनयुद्धमा हामी सबैले त्यही गऱ्यौँ जे क्रान्तिलाई आवश्यक थियो । हजारौं योद्धाहरूको बलिदान भयो । सयौँ योद्धाहरू बेपत्ता भए र अहिले पनि बेपत्ता अवस्थामै छन् । हजारौँ योद्धाहरू घाइते भए, हजारौँले जेल, नेल र यातना भोग्नुपर्ने अवस्था बन्यो । अर्थात् त्याग, तपस्या र बलिदानको समुच्च रूप जनयुद्ध हुन पुग्यो । महान् आदर्श र उद्देश्यसहित श्रमिक जनताको उज्यालो भविष्य कोरेर अघि बढेको यात्रा २०५२ सालदेखि अविचलित अघि बढ्यो । दस वर्ष पार गर्दा नै नेपाल र नेपालीको दिलदिमागमा अड्डा जमाउन सफल भयो । विश्व सर्वहारा वर्गका लागि नेपालबाट उत्साहको नयाँ सन्देश दिन सफल भयो । जिउँदै आँखा निकालिएर बलात्कृत हुँदासमेत महिलाहरूले महान् आदर्शलाई गल्न दिएनन् ।

बलिदानका लागि प्रतिस्पर्धा गर्ने पार्टी संसारमा विरलै हुने गर्दछन् । विरलैमध्येको एक नेपालको माओवादी पार्टी र महान् जनयुद्ध हुन पुग्यो । भौतिक शरीर ढल्यो तर आदर्श सगरमाथा बनिरह्यो । यो सबै सही विचार र क्रान्तिकारी नेतृत्वका कारण सम्भव भयो । विचारधारात्मक रूपमा सही वा गलत हुनुले सबै चीजको निर्धारण गर्ने कुरा हाम्रो राजनीतिक जीवनमा हामी सबैले भोग्न र देख्न पायौँ । जब शान्तिप्रक्रियामा पार्टी आयो, सुरुआतमा नयाँ लहर नै देखापऱ्यो । देश माओवादीमय बन्न पुग्यो । बिस्तारै यो कम हुँदै अन्तत ओरालो लाग्दै गयो । संसदीय व्यवस्थामा फोहोर सफा गर्न गएको पार्टी नेतृत्व आफैँ फोहोरी बनेर संसदीय भासमा नराम्रोसँग फस्यो । महान् उद्देश्य र प्राप्त गरेका उपलब्धिहरू, रगतसँग साटिएका हतियार, धेरै दुःख-कष्टबाट जन्मिएको जनमुक्ति सेना, जनसत्ता सबै क्रमशः विघटित भए । सार छोडेर रूपमा दौडने नेतृत्व बन्यो । आतङ्क र सत्तामोहका कारण नेतृत्वले संसदीय जन्जालबाट मुक्त हुने त परको कुरा, सबैलाई त्यस आहालमा चोबल्ने वातावरण बनाउँदै लग्यो । दुःखमा साथ दिएका जनता निरास बने । शरीरभरि गोलीका छर्रा बोकेर घाइते योद्धाहरू, हजारौँ-लाखौँ युवा बिदेसिन बाध्य भए । निराशा, अकर्मण्यता, आक्रोश र पीडा सिङ्गो माओवादी आन्दोलनमा देखापऱ्यो । बलिदानको मूल्यलाई वैज्ञानिक समाजवाद र साम्यवादको गन्तव्यसम्म जोडेर अघि बढेको माओवादी धारा बीचैमा सपनाहरूलाई तुहाएर वा तोडमोड गरेर संसदीय व्यवस्थामा डुब्न पुग्यो । नेतृत्वमा देखापरेको विचलन र वैचारिक स्खलनले हाम्रा उद्देश्यहरू अलपत्र परे । त्याग, तपस्या र बलिदान गर्ने परिवारहरू थप निराशा, अन्योल र आक्रोशित हुन पुगे । आफ्ना छोराछोरी, आफन्त गुमाउदाँको पीडा त छँदैछ, पार्टी नेतृत्व विशेषतः प्रचण्ड-बाबुरामले आत्मसमर्पण र विश्वासघात गर्दा त्योभन्दा ठूलो पीडा हुन पुग्यो ।

जनयुद्धमा हाम्रा सहिदका छोराछोरीले आफ्ना बाबुआमा कस्ता थिए ? राम्रोसँग चिन्न पाएनन् । श्रीमान्-श्रीमतीबीचको माया के हो ? अनुभूत गर्न पाएनन् । बाबुआमाले छोराछोरीलाई मातृवात्सल्य दिएर हुर्काउन पाएनन् । एउटै घरका चार-पाँचजनाको बलिदान हुँदासमेत विचलित भएनन् । आफ्ना इष्टमित्र, आफन्त गुमाउँदा पीडा कति भयो ? शब्दमा चित्रण गर्न गाह्रो हुन्छ तर पनि निराश भएनन्, गौरव नै गरे । हाम्रा बेपत्ता योद्धाका परिवारहरू, छोराछोरी, श्रीमान्-श्रीमती, आमाबुबालगायत आफ्ना आफन्त आउने आसमा अझै पनि दिन गनिरहेका छन् । दुःखसुखमा आफ्ना बेपत्ता आफन्तहरूलाई सम्झेर दिन व्यतित गरिरहेका छन् । अझै पनि ती योद्धाहरूको स्थिति सार्वजनिक गरिएको छैन । सहिद तथा बेपत्ता योद्धाका कतिपय आमा-बुबा, आफ्ना छोरा-छोरी आउने आसैआसमा यो धर्ती छोडेर बिदा भइसक्नुभएको छ । न सहिदहरूलाई राष्ट्रिय सहिद घोषणा गर्न सकियो, न त बेपत्ता योद्धाहरू नै सार्वजनिक भए । बेपत्ता पार्ने कार्यमा संलग्न अपराधीहरूलाई न कुनै सजाय भयो, न त सहिद तथा बेपत्ता योद्धाहरूलाई राज्यले स्थापित नै गऱ्यो । विडम्बना ! यी मुद्दाहरूलाई पूरै ओझेलमा पार्दै लगिएको छ ।

हामीलाई थाहा छ, क्रान्तिकारीहरूले सपना देख्नुपर्छ । सपनालाई मर्न दिनु हुँदैन । क्रान्तिको सपना बीचैमा तुहियो भनेर निराशा, कुण्ठा, घृणा र आक्रोश मात्र पाल्नु हुँदैन । मात्र आलोचना क्रान्तिकारी समाधान होइन । प्रतिक्रान्तिको जबाफ क्रान्तिबाट दिन सक्नुपर्दछ । बलिदानको मूल्य क्रान्तिबाट नै खोजिनुपर्छ । बलिदान गर्ने परिवारलाई क्रान्तिबाट भाग्ने छूट हुँदैन । न त थाकेर, गलेर, निराश भएर बस्ने अधिकार नै हुन्छ । एउटा कालखण्डमा क्रान्तिको नेतृत्व गर्ने नेताले सधैँ क्रान्तिको नेतृत्व गरिरहन्छ भनेर बुझ्नु पनि अधिभूतवादी सोचाइ हुनसक्छ । नेतृत्व पनि वस्तु भएकाले वस्तु बिग्रन सक्छ, भत्किन सक्छ । राम्रो हुँदासम्म राम्रो भन्ने र नराम्रो हुँदा साथ छोड्नसक्ने वैचारिक तागत हामीले बनाउनैपर्छ । प्रचण्ड नेतृत्वद्वारा क्रान्तिलाई विचलित बनाउँदासमेत नेतृत्व मानिराख्न कुनै जरुरी हुँदैन र आवश्यक पनि छैन । जसले सही कार्यदिशाका आधारमा क्रान्तिको सही नेतृत्व गर्छ त्यो नै वास्तविक अर्थमा नेतृत्व हुन लायक हुन्छ । अहिलेको सन्दर्भमा नेकपाका महासचिव कमरेड विप्लवले क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने प्रतिबद्धतासहित एकीकृत जनक्रान्तिको मार्ग तय गरेर अघि बढिरहनुभएको छ । सगरमाथानजिक पुगेर दुर्घटना गराइएको क्रान्तिलाई पुनः सङ्गठित गर्ने र क्रान्ति पूरा गर्ने विषय सामान्य होइन । हाम्रा सहिद तथा बेपत्ता योद्धाका परिवारहरूले हाम्रा आफन्तका अधुरा सपना पूरा गर्न पुनः एकपटक नयाँ सङ्कल्पसहित क्रान्तिकारी नेतृत्वलाई साथ दिनुपर्छ । अबको जनक्रान्तिको बलियो खम्बा र ऊर्जा बनेर सहिद तथा बेपत्ता योद्धा परिवारले साथ दिनुपर्छ भन्ने कमरेड विप्लवको भनाइलाई हामीले चरितार्थ गर्न जरुरी छ । दलाल पुँजीवादी सत्ता अन्त्य गरेर वैज्ञानिक समाजवादी सत्तामार्फत श्रमिक वर्गको अधिकार सुनिश्चित गर्ने विषय नै हाम्रा सहिद तथा बेपत्ता योद्धाहरूको सपना थियो । यसबाट हामी विचलित हुनु हुँदैन । मृत्यु अवश्यम्भाबी छ तर पहाडजस्तो गह्रुँगो मरन आवश्यकता परे हामीले पनि हाम्रा आफन्तले झैँ रोज्न सक्नुपर्छ । सहिद सप्ताहका अवसरमा सर्म्पूण सहिद तथा बेपत्ता योद्धा परिवारहरूलाई गह्रुँगो तर असम्भव नभएको क्रान्तिको सुनौलो मार्गमा लामबद्ध हुन अपिल पनि गर्दछु । हामी सबैको मेहनत र बलमा नै क्रान्ति सम्भव र जित सुनिश्चित छ ।

# ११२ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

*श्रम गर्दा होस् वा बलिदान गर्दा होस् त्यो समयमा महिलाहरुलाई बराबरी हिसाबले काम गर्न लगाउने र अधिकारका हिसाबले सुनिश्चित गर्दा कन्जुस्याइँ राज्यबाट नै भएको देखिएको छ । अझ भन्ने हो भने नेपालमा महिलाहरुको अवस्था अझै खतरामा रहेको छ । किनभने पूर्ण रुपमा पैत्रिक सम्पत्तिमा अधिकार पनि पाएका छैनन् । महिलाहरुको जीवनमा केही घटना भइहाल्यो भने उनीहरुलाई न घर न थरको अवस्थामा पुऱ्याउँछ यहाँको समाजले । यी सम्पूर्ण कुराहरुको परिवर्तन गर्नलाई पारिवारिक, सामाजिक र धार्मिक अवस्थाले पनि ठूलो प्रभाव पारेको छ ।*



दाना केसी

जहाँ शोषण हुन्छ त्यहाँ सङ्घर्ष हुन्छ । जहाँ दमन हुन्छ त्यहाँ विद्रोह हुन्छ भनेझैँ पितृसत्तात्मक विभेदविरुद्ध 'समान श्रमको समान ज्याला' भन्ने मूल नारा बोकेको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको छुट्टै महत्व रहेको छ । 'अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस तथा ८ मार्च' उत्सवका रूपमा अनाउन थालेको ११२ वर्ष भएछ । फेरि पनि ११२ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन आइपुगेछ । प्रत्येक वर्षको फागुन २४ वा २५ गते पर्ने यो अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसले नेपालका महिलाहरूको जनजीवनमा के परिवर्तन ल्याएको छ त भन्ने विषय मुख्य छ ।

हामीले प्रत्येक वर्षको फागुन २४ लाई नै कुर्नुपर्ने त होइन किनभने महिला हकअधिकारका निम्ति अविरल सङ्घर्षको खाँचो देखिन्छ । यो एउटा वर्ष तथा उत्सवको विशेष दिन हो भन्ने कुराको विश्लेषण गर्दा यसको स्थापना वा आरम्भकर्ता जर्मनीकी एक महिला योद्धा क्लारा जेट्किनको नामसँग जोडिएको पाइन्छ । उनी एक शिक्षित र खान्दानी परिवारमा जन्मिएकी थिइन् । आफ्नो पारिवारिक वातावरणभन्दा पनि पर रहेर एउटा महिलाको मुद्दालाई अगाडि सारेर विश्वसामु आफ्नो योगदानलाई प्रचार-प्रसार गर्न सक्षम महिलालाई हामीले आत्मसात गर्नुपर्छ । महिलामाथि हुने गरेका हिंसा, बलात्कार, शोषण-दमन हिजोदेखि नै यथावत् थियो भन्ने कुरा यिनै इतिहासले स्पष्ट पार्दछन् ।

क्लारा अन्तर्राष्ट्रिय समाजवादी महिला नेता थिइन् । उनले आफ्नो राजनीतिमा पनि निकै उतारचढाव भोगेकी थिइन् । अन्तर्राष्ट्रिय स्तरमै आफ्नो ठाउँबाट महिलामाथि हुने असमान व्यवहारले यो मुद्दालाई विश्वमा पुऱ्याउनु थियो । युरोपको सामन्ती आर्थिक क्रान्तिको पतनपछि पुँजीवादले श्रमिक महिलामाथि गरेको शोसन, दमन नै पहिलो थियो । अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसको पृष्ठभूमिलाई फर्केर हेर्दा ठूलो चुनौतीलाई कुल्चिँदै अघि बढेको पाइन्छ । यिनै मुद्दा महिलाअधिकारका लागि अभियानको मूल नारा बनेर यो अवस्थामा आइपुगेको छ । हाम्रासामु आइपुगेको ११२ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा सम्पूर्ण महिलाहरूमा शुभकामना व्यक्त गर्दछु । समाजमा महिला मान्छेको स्थान नगनिने अवस्था, चरम शोषण, श्रमप्रतिको हेपाहा प्रवृत्तिजस्ता कुराले गर्दा सुरुमा सन् १८८९ मा पेरिसबाट सुरु भएको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस न्युयोर्कको एक धागो कारखानाबाट 'समान श्रमको समान ज्याला' भन्ने मूल नारामा सन् १८९० मार्च ८ का दिन नै महिलाहरूको आवाज बुलन्द गर्न आन्दोलनकै रूपमा एकजुट भई यो दिवस आरम्भ भएको पाइन्छ । खासगरी आमश्रमिक महिलाको दाँजोमा महिला श्रमिकले विशेष किसिमले सम्मान पाउनुपर्ने माग हो । त्यो समयदेखि नै विश्वमा ८ मार्चलाई महिलाहरूका लागि उत्सवको दिन मानिँदै आएको छ ।

अन्तर्राष्ट्रिय स्तरबाट सम्पूर्ण महिलाहरूका लागि उठेको वास्तविक र सराहनीय अभियान कारुणिक हुनु आफ्नै ठाउँमा छ । यो अभियानलाई नेपालको राजनीति र नेपाली महिलाहरूको जनजीवनसँग जोडेर हेरौँ । नेपाली महिलाहरूले वैधानिक रूपमा आफ्नो अधिकारको खोजनीति गर्दा-गर्दा लामो समयसम्म पितृसत्तात्मक राज्य भएका कारण उचित तरिकाले प्राप्त गर्न असफल भएको पाइन्छ । थोरै भएका नीतिलाई पनि कार्यान्वयन गर्न नसकेको अवस्थाले महिलाको जीवनमा समस्या देखिएको हो । 'मागेर होइन, खोसेर लिने अधिकार' लाई नेपाली महिलाहरूले अझै केही कसरत गर्नुपर्ने देखिन्छ नेपालको सन्दर्भमा भन्दाखेरि राणाकालको थालनीसँगै नेपाली महिलाहरू अधिकारका निम्ति सामाजिक र सांस्कृतिक विभेदबाट अत्यन्तै पिछडिएको अवस्थाबाट अघि आइरहेको इतिहास रहेको छ । न्यायपूर्ण समानता र सामाजिक न्यायका लागि त्यतिबेला योगमाया देवी र दिव्या कोइरालाले महिला जागृति सङ्घ (महिला समिति) स्थापना गरी महिलाहरूमा चेतना जागृत गराउने काम गरेका थिए । १९७४ सालमा काठमाडौँमा लक्ष्मी तुलाधर, सिद्धिलक्ष्मी, अष्टकुमारी, चञ्चलादेवीलगायतले राणाशासनको विरोधमा जनचेतना जगाउन गरेको प्रयास महत्वपूर्ण मानिन्छ । यस्तै वि.सं. १९९८ मा योगमायाको नेतृत्वमा उनका ६५ जना अनुयायीहरूले सरकारलाई चेतावनीस्वरूप अरुण नदीमा जलसमाधि लिई आत्महत्या गरेका थिए । १९९३ मा चन्द्रकान्ता मल्लले महिलाहरूले पढ्न पाउनुपर्दछ भन्ने मुद्दा लिएर विद्यालय खोल्ने आवाज उठाइन् । कामक्षादेवी, दिलहरि श्रेष्ठले बनेपामा महिलाहरूलाई पढाउन सुरु गरेको इतिहास छ । २००३ सालमा विराटनगरका महिला मजदुरहरूले समान कामको समान ज्याला, बराबर अधिकार, सुत्केरीका लागि विशेष अधिकार, शिक्षा स्वास्थ्य, सुरक्षा आदिको माग राखी पुरुषको तुलनामा आन्दोलन गरेको इतिहास पनि छ । पछि आएर २००४ सालमा काठमाडौँमा मङ्गलादेवी, साधना प्रधानलगायत महिलाहरूले सर्वसहमतिबाट महिला सङ्घ स्थापना गरेका थिए । नेपाली महिलाहरूको राणाकालदेखिको आन्दोलनको परिणाम २००४ सालको वैधानिक कानुनले निर्वाचनमा मतदान गर्न पाउने र उम्मेदवारका रूपामा उपस्थित हुन पाउने अधिकार प्राप्त गरे ।

अधिकारकै विश्लेषण गर्ने हो भने विश्वमा महिलाहरूले अनवरत र अथक सङ्घर्ष गरेको इतिहास रहेको छ तर श्रम गरेअनुसारको उपलब्धि भने अति न्यून रहेको पाइन्छ । नेपालका सन्दर्भमा भन्ने हो भने १० वर्षको जनयुद्धमा महिलाहरूको अहम भूमिका रह्यो । हुनत हिजो नालापानीको लडाइँमा महिलाहरूले खाली खुट्टा लडेको इहिकास साक्षी छ । त्यस्तै १० बर्से जनयुद्धमा पनि नेपाली महिलाहरूले ठूलो बलिदान गरेका छन् । पछिल्ला यस्ता घटनाको प्रत्यक्षदर्शी नेपाली जनता जीवित छ । यसको उपलब्धिलाई नियाल्दा जुन गतिमा अधिकार सुनिश्चित हुनुपर्ने हो, त्यो भने अवश्य पनि पूरा भएको छैन किनकि अन्तिममा आएर ३०/३२ प्रतिशतका दरले भागबन्डा लगाईयो ।

श्रम गर्दा होस् वा बलिदान गर्दा होस् त्यो समयमा महिलाहरूलाई बराबरी हिसाबले काम गर्न लगाउने र अधिकारका हिसाबले सुनिश्चित गर्दा कन्जुस्याइँ राज्यबाट नै भएको देखिएको छ । अझ भन्ने हो भने नेपालमा महिलाहरूको अवस्था अझै खतरामा रहेको छ । किनभने पूर्ण रूपमा पैत्रिक सम्पत्तिमा अधिकार पनि पाएका छैनन् । महिलाहरूको जीवनमा केही घटना भइहाल्यो भने उनीहरूलाई न घर न थरको अवस्थामा पुऱ्याउँछ यहाँको समाजले । यी सम्पूर्ण कुराहरूको परिवर्तन गर्नलाई पारिवारिक, सामाजिक र धार्मिक अवस्थाले पनि ठूलो प्रभाव पारेको छ । समाजलाई पुरातनले घेर्नु र समयअनुसार परिवर्तन हुन नसक्नु आफैँमा एउटा समस्या हो । समाजमा अलिकति बुझेका महिलाहरूको जमघट, छलफल, सङ्गठन आदि कुराहरूको विकास हुँदै गर्दा उनीहरूमाथि विभिन्न आपराधिक तत्वहरु जाइलाग्छन् ।

महिला हुनुकै कारण बालिकाहरूको दिनप्रतिदिन अपहरण, बलात्कार अनि हत्या हुनुले नेपालमा महिलाहरूको स्थितिका वारेमा ठूलो बहसको आवश्यकता देखिन्छ । उदाहरणका निम्ति निर्मला र भागीरथीजस्ता नानीहरू त उदाहरण मात्र हुन । अहिले पनि निर्मलाको आत्मले न्याय नपाएको देशमा जहिले गुनासो मात्र गर्नु पर्दछ । अहिले पनि निर्मलाको घटनाले न्याय पाउने सम्भावना शून्य देखिन्छ । यो देशमा त्यसपछि पनि कति घटना भइरहेका छन् हत्या र बलात्कारका । महिला भएकै कारण बलात्कृत हुनु पर्दछ भने यो राज्यको दायित्व के रह्यो ? त्यसकारण प्रत्येक वर्ष महिला दिवस आउँछ । यसलाई एउटा उत्सवका रूपमा मनाउने कि सधैँ गुनासैगुनासो मात्र गर्ने ! यो प्रश्न पनि उठेको छ ।

इतिहासदेखि नै महिलाहरूले विभिन्न विषयमा आन्दोलन र सङ्घर्ष गर्दै आएका छन् । विश्वका महिलाहरूको जनजीवनमा विशेषगरी समानता र समावेशिताको मात्र नभै पाशविक घटनाहरूले नेपाली महिलाको स्थिति अभिभावकबिनाको सन्तानझैँ भएको देखिन्छ । कुनै दिन पूर्ण अधिकारका भागिदार भएका महिलाहरू अहिले आएर फेरि पनि अधिकारका निम्ति लड्नुपर्ने अवस्था रहेको छ । २१ औँ शताब्दीको राजनीतिले हामीलाई अधिकार र स्वतन्त्रताको भाग छुट्याउनुको सट्टा आफ्नै सुरक्षाको सुनिश्चितता गर्न नसकेको अवस्थामा राज्यलाई फेरि हाम्रा प्रत्येक कदमका आन्दोलनले थप पृष्ठपोषण दिनुपर्ने देखिएको छ किनकि महिलाका हरेक किसिमका मुद्दाको सुनुवाइको सबैभन्दा महत्व राज्यले दिनु पर्दछ । राज्यका कोटामा बसेका सम्पूर्ण महिलाहरूलाई पनि हाम्रो आवाजमा आवाज बुलन्द गर्न र भाषण मात्र होइन, कार्यक्षेत्रमा पुगेर सम्पूर्ण श्रमिक महिलाहरूको कथा-व्यथा बुझ्न अनुरोध गर्नैपर्ने हुन्छ ।

महिलाले अलि फराकिलो भएर परिवार, समाज र राष्ट्रलाई नियालेर आफ्ना कदम चलाउँदा सहयोग र सद्भावको पनि उतिकै खाँचो पर्दछ किनभने हरेक कार्य सम्पन्न गर्नका लागि हातेमालो गर्ने सहयात्रीको पनि उत्तिकै आवश्यकता पर्दछ । यसका लागि महिला हक-हित र स्वायत्तताका लागि राज्यले पूर्ण रूपामा जिम्मा लिनु पर्दछ । हरेक क्षेत्रबाट राज्यले महिला भएकै कारण उनीहरूले पाउनुपर्ने अधिकार, सहयोग र बन्धुत्वको भावनाबाट टाढा नदेखेर विशेष ग्राह्यता दिनु आवश्यक छ किनभने समयसापेक्ष महिलाका आन्दोलन र मागले यही देखाउँछ- महिलालाई विशेष सम्मान चाहिएको छ । परिवर्तनका नाममा समयअनुसार महिलाहरूको जीवनस्तर माथि नउठ्नुमा यसको समीक्षात्मक दोष राज्यले लिनुपर्दछ ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विश्वव्यापी रूपामा सम्पन्न हुँदै आएको छ । प्रत्येक वर्ष यसलाई उत्सवका रूपमा मनाउने चलन पनि फरक-फरक हुँदैछ तर जहाँका महिलाहरूले जुन रूपमा महिला वा नारी भनेर चिनिने यो दिवस मनाउँछन्, अन्तिममा विद्यालय जानका लागि बाटो अनेक भएको झैँ हो । यसमा कसैले दुई तरिकाले सोच्ने र सङ्कुचित हुनुपर्ने देखिँदैन । यो भन्ने वा बोल्नेको ध्वनि, तरङ्गमा फरक भएको मात्र हो । सम्पूर्ण श्रमिक-उत्पीडित महिला एक हुन सक्यौँ भने असम्भव भन्ने र असफल हुने कुरै आउँदैन । अतः ११२ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्य र सभ्यसाथ मनाऔँ !


## औषधीको आम उपभोक्तालाई जानकारी

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको पुर्जा अनुसार मात्र औषधीको प्रयोग गर्नुहोस ;
- औषधीको प्रयोग सम्बन्धि सम्पूर्ण जानकारी लिने जस्तै, औषधि कसरी प्रयोग गर्ने, औषधी घरमा कसरी भण्डारण गर्ने, औषधि सेवनगर्दा खान नहुने खाध तथा अन्य औषधि, कुनै मात्रा छुटेमा के गर्ने, औषधिको नकारात्मक असरहरु (side effects), तथा औषधी प्रयोग गर्दा अपनाउनु पर्ने साबधानीहरु ;
- औषधी बच्चाको पंहुचबाट टाढा राख्नुहोस ;
- आफु गर्भवती भएमा सो को बारे स्वास्थ्यकर्मीलाई जानकारी दिनुहोस ;
- औषधी प्रयोग गर्दा जीउ चिलाएमा, छालामा डाबरहरु आएमा, श्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तुरुन्त औषधी प्रयोग गर्न छाडी स्वस्थाकर्मीलाई सम्पर्क राख्नुहोस ;
- यदि एन्टिबायोटिक औषधी सेवन गर्न लाग्नु भएको छ भने तोकिएको मात्रा र अबधिसम्म प्रयोग गर्नुहोस र गरानुहोस ;
- औषधी खरिद गर्ने औषधि पसलको ब्यबसायीको मान्यता प्रमाणपत्र हेर्ने गर्नुहोस ;
- औषधी खरिद गर्दा अनिबार्य बिल लिने बानी गर्नुहोस ।

**औषधी व्यवस्था विभाग**
बबरमहल, काठमाडौं



नेपाल सरकार
सहरी विकास मन्त्रालय
**काठमाडौं उपत्यका विकास प्राधिकरण**
अनामनगर, काठमाडौं
फोन नं. - ०१-४७७०६६१

## जनहितमा जारी सन्देश

क) के तपाईले काठमाडौंमा जग्गा किन्दै हुनुहुन्छ ? विचार पुऱ्याउनु होला । विशेष ध्यान दिनु होला ।

- फिल्डमा मात्र होईन, नापी नक्शामा सार्वजनिक बाटो कायम गरेको छ, छैन ? नापी र मालपोत कार्यालयमा चेकजाँच गर्नुहोला, हेर्नुहोला ।
- राजकूलो, खोल्सी ढाकेर, छोपेर, मिचेर बाटो कायम गरिएको त छैन ? यसरी बनाइएका बाटाहरु गैरकानूनी हुन् ।
- जग्गा खोला किनार भित्रको त हैन ? जग्गा फिल्डमा एकतिर देखाइने नापी नक्सामा अन्यत्र भएर दुःख पाएका घटनाहरु प्रशस्त छन् । शुरुको सावधानीले पछि कष्टबाट बचिन्छ ।
- ढिस्को भासेर, पुरुवा माटोले सम्याइएको जग्गा त हैन ? यस्तोमा धेरै भासिने हुन्छ ।
- सार्वजनिक जग्गा मिचेर फिल्डमा बाटो कायम गरिएको प्लट ठूला देखाई झुक्याइएको त छैन ?
- जमिन भासिने/बग्ने डर त छैन ? भूःक्षय भूःस्खलनका कारण घरजग्गा नै भासिएक दुःखद घटनाहरु प्रशस्त छन् ।
- Road Widening सडकको मापदण्ड अनुरुप बाटो विस्तार भित्र पर्छ कि ?
- निर्देशित जग्गा विकास कार्यक्रम GLD अन्तर्गत प्रस्तावित सडक रेखाङ्कन भित्र पर्छ कि?
- उच्च भोल्टेज (High Tension Line) का विजुलीका तार मुनि त पर्दैन ?
- दलदले र गहिरो खेत पुरेर घडेरी बनाईएको रहेछ भने त्यस्तो ठाउँमा भूकम्पको कम्पन (धक्का) बढी हुन्छ । यस्ता ठाउँमा बनाइने घरहरु माटो परिक्षण गरी विशेष खाले जग हाल्नुपर्ने हुन्छ । नहालेमा आफ्ना परिवार र छिमेकी समेतको जीउ ज्यानको सुरक्षा खतरामा रहने डर रहन्छ । स्वभावतः सावधानी अपनाउनु पर्ने हुन्छ ।
- भूकम्प आगलागी जस्ता अप्रत्यासित प्राकृतिक प्रकोपका बेला आपतकालीन उद्दारको लागि दोहोरा एम्बुलेन्स (Ambulance), दमकल चल्न अनिवार्य हुन्छ । बाटोको चौडाई यस्ता साधनलाई दोहोरो आवत-जावत गर्न पुग्ने भएमा सुरक्षित हुन अस्पताल दौडाउन सजिलो हुन्छ । लगानी पूर्व भविष्यमा सम्भावित दुर्घटनाको पनि ख्याल गर्नुहोला ।
- प्लटिङ्गका आकर्षित घडेरीहरु भन्ने विज्ञापनहरु प्रायः देखिन्छन् । काठमाडौं उपत्यका विकास प्राधिकरणबाट स्वीकृति लिएर प्लटिङ्ग गरेको हो भने मात्र निश्चिन्त भै घर घडेरीमा लगानी गर्नु होला ।

**ख) घर बनाउँदै हुनुहुन्छ वा संधियारको घर बन्दैछ ?**

- तपाईं घर बनाउँदै हुनुहुन्छ भने नक्सा पास गरेर स्वीकृत उचाई अनुरुप मात्र बनाउनु होला । मापदण्ड मिचेर बनाइएका घर टहरा भत्काइने छन् ।
- ख्याल गर्नुहोस् यदि स्वीकृत मापदण्ड मिचेर छिमेकीले घर बनाउन लाग्नु भएको छ भने त्यसको मार तपाइँ समेतलाई पर्छ । भूकम्प वा अन्य कारणले छिमेकीको घर भत्किंदा, आगलागी हुँदा तपाई पनि जोखिममा पर्न सक्नु हुन्छ । घाम, हावा छेकिएर तपाइँ पनि अस्वस्थ हुन सक्नुहुन्छ । छिमेकीको पापको भागीदार तपाइँ पनि हुन सक्नु हुन्छ, ख्याल गर्नुहोला ।

ग) माथि उल्लेखित सबै बुँदाहरुको राम्रोसँग पालना गरेमा सरोकारवाला सबैको लगानी सुरक्षित हुनेछ ।



## कोरोना भाइरसबाट बच्ने उपायहरु




कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश
**जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत**
वीरेन्द्रनगर सुर्खेत, नेपाल



## कोरोना भाइरसबाट बच्ने उपायहरु




**लालीगुराँस नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
बसन्तपुर, तेह्रथुम

समय समीक्षा

# सहिद सप्ताह र सहिदी सपना

*नेपालको क्रान्तिकारी राजनीतिक आन्दोलनमा झापा विद्रोह (सुखानी हत्याकाण्ड) र जनयुद्ध दुवै विद्रोहको महत्व कम छैन । दोस्रो विद्रोह अर्थात् जनयुद्धको जग पहिलो विद्रोह अर्थात् झापा विद्रोह नै थियो । पहिलो विद्रोहको प्रभाव भने चिनियाँ भूमिमा कमरेड माओ त्सेतुङले आरम्भ गर्नुभएको सांस्कृतिक क्रान्ति र भारतको नक्सलबाडीमा कमरेड चारु मजुमदारले आरम्भ गर्नुभएको सशस्त्र विद्रोह थिए ।*



अशोक सुवेदी

युद्धभूमिमा एउटा सेना म
बन्दुकसँग रमाउँछु
क्रान्तिको मीठो सङ्गीत बज्ने प्यारो बन्दुक
नयाँ लय, सुर, ताल जन्माउँछ
जब यो बजाउन थाल्छु, भय सारा हटेर जान्छ
हूलका हूल क्रोध मेटिन्छ
'शक्ति' को मीठो विस्फोट
अहा ! पर्दाभित्रको प्रतिभा
थिचाइमा पिल्सिएका अनुहारहरू
उद्वेलित भएको, प्रफुल्लित भएको देख्छु
तब- अङ्गमा उमङ्ग
रक्तरञ्जित रङ हुँदै दङ्ग युद्धभूमिमा
त्यसैले म जीवनभर
बिछोड नहुने गरी प्रेममा फसेको छु
हरहमेसा काँधमा भिरेर हिँडेको छु
युद्धभूमिमा जति-जतिपटक थिचिन्छ
मार्सल आर्टको म्युजिक गुनगुनाउँछ
म नाच्ने गर्छु
म नाच्दा शरीर नाच्छ
शरीर नाच्दा स्फूर्ति पाउँछु र
कदम बढाउँछु लेफ्ट-राइटको
ड्रमसेटको तालजस्तै लाग्छ
'ड्याङ-ड्याङ' 'ढ्याम-ढ्याम''

**– सहिद अन्जान विरही**

महान् जनयुद्धका सांस्कृतिक योद्धा एवम् स्रष्टा सहिद अन्जान विरहीका यी काव्यिक हरफहरूले नै बताउँछन्- जनयुद्धमा लामबद्ध योद्धाहरू आफ्नो लक्ष्यप्रति कति दृढ, प्रतिबद्ध र समर्पित थिए । हो, यस्तै दृढता र प्रतिबद्धताकै बीच जनयुद्धमा करिब दस हजार योद्धाहरूले बलिदान गरे । यही त्याग, शौर्य, समर्पण र बलिदानको उच्च संस्कृतिलाई जीवनशैली बनाउने प्रतिबद्धता व्यक्त गर्दै जनयुद्ध सञ्चालन गरिरहेको नेकपा (माओवादी) ले फागुन १४ गतेदेखि २१ गतेसम्मलाई सहिद सप्ताह घोषणा गर्दै एउटा नयाँ दिवस र पर्वका रूपमा विकास गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीले यो दिवस भव्यतापूर्वक मनाउँदै आएको छ।

नेपालको क्रान्तिकारी राजनीतिक आन्दोलनमा झापा विद्रोह (सुखानी हत्याकाण्ड) र जनयुद्ध दुवै विद्रोहको महत्व कम छैन । दोस्रो विद्रोह अर्थात् जनयुद्धको जग पहिलो विद्रोह अर्थात् झापा विद्रोह नै थियो । पहिलो विद्रोहको प्रभाव भने चिनियाँ भूमिमा कमरेड माओ त्सेतुङले आरम्भ गर्नुभएको सांस्कृतिक क्रान्ति र भारतको नक्सलबाडीमा कमरेड चारु मजुमदारले आरम्भ गर्नुभएको सशस्त्र विद्रोह थिए । मूल नेतृत्वले झापा विद्रोह, त्यसको तरङ्ग र प्रभावलाई बेवारिसे बनाइदियो अर्थात् झापा विद्रोहको अवस्था एउटी कुमारी आमाले अवैध यौनसम्बन्धबाट रहेको गर्भलाई लोकलाजका डरले सिस्नोको झाङमा फालिदिएर अर्कोसँग अवैध सम्बन्ध कायम गरेझैँ फालिदियो वर्गदुस्मनसँग मिल्न पुग्यो । दोस्रो विद्रोहको मूल नेतृत्व साह्रा नेता, कार्यकर्ता, सहिद परिवार, बेपत्ता योद्धा, तिनका आफन्त, घाइते अपाङ्ग र जनता सबैको आशामा तुसारापात गर्दै वर्गयुद्धको बाटोबाट कथित शान्तिको बाटोमा कुलेलम ठोक्यो र वर्गदुस्मनको टाङमुनि छिर्न पुग्यो । सकारात्मक घटनाबाट विकसित नकारात्मक परिणतिको गर्भबाट फेरि अर्को जनविद्रोहको विकास र अभ्यास भइरहेको छ एकीकृत जनक्रान्ति । आज फेरि क्रान्तिकारी कम्युनिस्टहरू झापा विद्रोहका सहिदहरू र जनयुद्धका सहिदहरूको चिहान खोतलेर नयाँ विद्रोह अघि बढाइरहेका छन् ।

महान् विचारक कार्ल मार्क्सले भन्नुभएको छ- आफ्नो वर्गलाई फाइदा हुने हदसम्म क्रान्तिकारीहरूले चिहान पनि खोतल्नुपर्छ र हाडखोरहरू पनि जम्मा गर्नुपर्छ । नेपाल कम्युनिस्ट पार्टी अहिले यिनै भग्नावशेषहरूमा एकीकृत जनक्रान्तिको जग तयार पारिरहेको छ र क्रान्ति अघि बढाइरहेको छ । यही सिलसिलामा हामी यतिबेला चिहानबाट सुखानी हत्याकाण्डदेखि जनयुद्धसम्मका महान् सहिदहरूलाई सम्मन गर्दै सहिदहरूका हड्डी खोतलिरहेका छौँ । यतिबेला झापा विद्रोहका अगुवाहरू होइन, झापा विद्रोहका यिनै महान् सहिदहरूको गौरवशाली बलिदानले बोकिरहेको छ त्यस महान् विद्रोहको गौरवशाली इतिहास । त्यस्तै जनयुद्धका अगुवाहरू भागे पनि जनयुद्धका महान् सहिद र बेपत्ता योद्धचहरूको त्याग, शौर्य र समर्पणले धानिरहेको छ जनयुद्धको इतिहास र त्यही इतिहासलाई वर्तमान बनाइरहेको छ नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिको माध्यमबाट । एकीकृत जनक्रान्तिमा मात्र १२ जना योद्धाले रगत बगाएर आफ्नो इतिहास, वर्तमान र भविष्यप्रतिको ऐतिहासिक जिम्मेवारी पूरा गरिसकेका छन् ।

नेपालको प्रगतिशील राजनीतिक आन्दोलन मात्र नभएर कम्युनिस्ट आन्दोलनकै पहिलो सशस्त्र विद्रोहका क्रान्तिकारी योद्धाहरूको यही विद्रोह र बलिदानको गाथा हो झापा विद्रोह । इतिहासमा कयौँ यस्ता घटनाहरू हुन्छन् जुन अगुवाहरूको बेइमानीका कारण अलपत्र वा बेवारिस हुन्छन् र त्यसको ऐतिहासिक महत्वको कार्यभार अरू कसैले लिनुपर्ने हुन्छ । नेपालमा दुरुस्तै नभए पनि केही मिल्दाजुल्दा दुईवटा यस्ता घटना भएका छन् : पहिलो, २०२८ सालमा भएको ऐतिहासिक झापा विद्रोह र दोस्रो, २०५२ सालबाट आरम्भ भएर करिब ११ वर्षसम्म सञ्चालनमा रहेको महान् जनयुद्ध । यति बेला यी दुवै विद्रोह अभिभावकविहीन बनाइएका थिए । नेपालको कम्युनिस्ट आन्दोलनमा तेस्रो पुस्ता भन्न मिल्ने स्तरबाट यसको स्वामित्व ग्रहण गर्ने र निरन्तरता दिने काम भइरहेको छ । अवसरवादीहरूले धुलोमा फ्याँकेको रातो झन्डा उठाएर अर्को क्रान्ति उठान गर्ने काम भइरहेको छ । राजनीतिक तरङ्गका हिसाबले यी दुवै राजनीतिक सन्दर्भले पृथक महत्व राख्छन् । पहिलो घटना एउटा क्षेत्रीय स्तरको पार्टीको पनि जिल्ला समितिले सञ्चालन गरेको थियो भने दोस्रो घटना राष्ट्रिय स्तरको सिङ्गो पार्टीले । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा पहिलो घटना अर्थात् झापा विद्रोह वर्गसङ्घर्षको पहिलो र सङ्गठित विद्रोहको उठान थियो तर यसका सञ्चालकहरूको अपरिपक्वता, किंकर्तव्यविमूढता र आलोकाँचोपनका कारण उपलब्धि कम र क्षति बढी भएर टुङ्गियो तर त्यसको तरङ्ग भने आजसम्म जारी छ । अझ भनौँ यसका सञ्चालक वा अगुवाहरू नै आफैँले सञ्चालन गरेको विद्रोहबाट विमुख भए र कालान्तरमा आफैँले आरम्भ गरेको विद्रोहलाई 'उग्र वामपन्थी भड्काव' देख्ने स्थानसम्म पुगेर संशोधनवादमा चुर्लुम्म डुबे । त्यस विद्रोहको स्वामित्व ग्रहण गर्न पनि लज्जाबोध गरिरहेका छन् हिजोका नायकहरू । पछिल्लो ऐतिहासिक राजनीतिक घटनाक्रम अर्थात् जनयुद्ध विश्वमै कम्युनिस्ट आन्दोलनले धक्का खाइरहेको समयमा आरम्भ भएको वसन्ते गर्जन थियो । राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल बनाउँदै गरिएको यस राजनीतिक घटनाक्रममा हजारौँ योद्धा र जनसमुदायबाट बलिदान भयो । केही आंशिक राजनीतिक परिवर्तन पनि भयो तर त्याग, शौर्य, बलिदान, अपेक्षा र आवश्यकताअनुसारको रूपान्तरण नभईकनै मुख्य नेतृत्व पुच्छर लुकाएर दुस्मन क्याम्पतिर भाग्यो । प्रकारान्तरले दुवै राजनीतिक विद्रोहहरू असफलतामा टुङ्गिए । नेपाली समाजलाई मात्र नभएर विश्व- कम्युनिस्ट आन्दोलनलाई नै यी दुर्घटनाहरूले क्षति पुर्याए । यिनै घटनाहरूबाट पाट सिकेर यतिबेला नेकपाले एकीकृत जनक्रान्ति अघि बढाइरहेको छ ।

तत्कालीन पञ्चायती व्यवस्थाले झापा विद्रोहका योद्धाहरू रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठलाई झापा जेलबाट इलाम जेल सरुवा गर्ने बहानामा सुखानी जङ्गलमा पुर्याएर २०२९ साल फागुन २१ गते राति गोली हानी हत्या गरेको थियो । यता महान् जनयुद्ध आरम्भ भएको १४ दिनमै गोरखाका विद्यार्थी दिलबहादुर रम्तेललाई पनि दलाल संसदीय व्यवस्थाले प्रतिरोधकै क्रममा हत्या गरेको थियो । दिलबहादुर रम्तेलको हत्या भएको फागुन १४ र झापाका विद्रोहीलाई राज्यद्वारा हत्या गरिएको दिन फागुन २१ गतेसम्मको एक सातालाई जनयुद्धकालदेखि नै नयाँ पर्वका रूपमा स्थापित गरी सहिद सप्ताह मनाउने गरिएको हो ।

नेपालमा राजनीतिक, सांस्कृतिक, आर्थिकलगायत क्षेत्रमा विद्यमान विभेद अन्त्य गरी आमूल परिवर्तनका लागि भएका हरेक आन्दोलन, सङ्घर्ष, विद्रोह, युद्ध र क्रान्तिमा जनताले रगत बगाएका छन् । निरङ्कुश राणाशासनका विरुद्ध बलिदान गर्ने लखन थापा, कृष्णलाल अधिकारी, गङ्गालाल, दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा होऊन् वा २००७ सालको सम्झौतापछि बलिदान गर्ने चिनियाँकाजी होऊन्, झापा विद्रोहमा बलिदान गर्ने योद्धाहरू होऊन् वा तीसको दशकमा सहादत प्राप्त गर्ने आजाद, चालीसको दशकमा मारिने मित्रमणिहरू होऊन्, २०४६ सालको आन्दोलन, २०५२-२०६२ सम्म सञ्चालित जनयुद्धमा सहादत प्राप्त गर्ने योद्धाहरू होउन् वा २०६२-२०६३ को जनआन्दोलन, २०६६-२०६७ को राजधानी घेराउ र २०७० को दशक आरम्भ भएपछि एकीकृत जनक्रान्तिमा रगत बगाउने महान् योद्धाहरू, सबैको सपना नेपालमा विद्यमान शोषणप्रधान व्यवस्थाको अन्त्य र त्यसको खरानीमा नयाँ जनवादी- समाजवादी- साम्यवादी सत्ता स्थापना गर्ने नै थियो । तर एकीकृत जनक्रान्तिबाहेक यसअघिका सबै आन्दोलनका अगुवाहरूले सहिदहरूलाई धोका दिएका छन् र उनीहरूको सपनामा घात गरेका छन् । त्यो धोका र घातका विरुद्ध प्रतिबद्धता र समर्पणको दिवस पनि हो सहिद सप्ताह ।

महान् जनयुद्धमा नेकपा (माओवादी) पोलिटब्युरो सदस्य सुरेश वाग्ले 'वासु' देखि लिएर पार्टी केन्द्रीय सदस्य विशाल, कुमार, प्रताप, दिलमायालगायत विभिन्न क्षेत्र र मोर्चाका करिब १० हजारको बलिदानी भएको छ भने एकीकृत जनक्रान्ति आरम्भ भएयता मात्रै कुमार, तीर्थसहित १२ जनाले दलाल पुँजीवादी सत्ताको अन्त्य र वैज्ञानिक समाजवाद प्राप्तिका लागि रगत बगाइसकेका छन् । यो सहिद सप्ताह यी सबै महान् सहिदहरूलाई सलाम गर्दै उनीहरूका अधुरा सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्ने पर्व र दिवस हो । देशभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको सहिद सप्ताहमा जनयुद्धकालीन स्पिरिट अभिव्यक्त भएको छ । सहिद र बेपत्ता योद्धाका परिवारहरूले पार्टी महासचिव कमरेड विप्लवलाई शुभकामना सन्देश प्रेषित गर्दै आफूहरू पनि आवश्यकताअनुसार बलिदान गर्न तयार रहेको बताएका छन् भने महासचिव विप्लवले सहिदका सपना पूरा गर्न निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । जनयुद्धलाई धोका दिने र सहिद रगत बेकाम बनाउने प्रचण्डहरूलाई सहिदका सन्तान र परिवारहरूले नै थप्पड र जुत्ताको प्रहार उपहार दिइरहेको समयमा क्रान्तिका लागि योभन्दा ठूलो ऊर्जा कहाँबाट प्राप्त हुन्छ ? यसै क्रममा सहिद स्रष्टाहरुका केही जोशिला र आशावादी सिर्जनांश प्रस्तुत गर्ने अनुमति माग्छु :

ढोडेनी !
मलाई तिम्रो सम्झना आइरहेछ
किनकि अब तिमीले शोकधुन हैन
बमगोला र बारुदको धुन बजाइरहेछौ
क्रान्तिको धुन फुकिरहेका छौ
आजभोलि हाम्रा गाउँहरूमा
बिहानीपख पूर्वमा जस्तै
लाली चढ्न थालिसकेछ
सगरमाथाले झैँ मुस्कान दिन थालिसकेछ

**– सहिद शिव श्रेष्ठ**

फागुन २१ गते बुधबार २०७६ सालको सहिद सप्ताह समापन हुँदैछ । साताभर देशभरि विभिन्न कार्यक्रम गरी सहिद सप्ताह मनाइएको छ । सबैभन्दा गर्व गर्ने विषय भनेको महान् जनयुद्धका सहिदहरूका परिवार र बेपत्ता योद्धाका परिवारलाई नेकपाले देशभर सम्मान, अभिनन्दन गरेको छ र सहिदका सपना पूरा गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गरेको छ । सहिद सप्ताहको औपचारिक कार्यक्रम समापन हुन लागे पनि सहिदका सपना पूरा गर्ने प्रतिबद्धता भने झन्झन् बढेको छ । नेकपाका महासचिव कमरेड विप्लवले सहिद सप्ताहकै अवसरमा सन्देश व्यक्त गर्दै भन्नुभएको छ, 'फागुन १४ गतेदेखि २१ गतेसम्म हाम्रो पार्टीले सहिद दिवस मनाउँदै आएको छ । यसमा एकीकृत जनक्रान्तिको रगतपसिना मिसिएको छ । यी सबै सहिदहरूप्रति पार्टी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र घाइते तथा सहिद परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछ ।'

दुःखको आगो तापेर बस्नु आँसुको सागरमा
युद्धको खेल सम्झनू आमा म ढल्ने बेलामा
आउनेछ हुरी, पर्नेछ हिमपात आमाको जीवनमा
बदला लिन बिधुवा बुहारी पठाउनु क्रान्तिमा
'
ज्वालामुखी फुट्ने बेला
हुरी आँधी चल्ने बेला
नथाकौँ कोही, नथाकौँ साथी
आन्दोलनले बलिदान मागेको यो बेला
देशले मुक्ति खोजेको यो बेला

**– सहिद हर्षबहादुर मल्ल 'प्रभात'**

सहिद बन्न सजिलो छैन तर शासकहरूले सहिदको बलिदानलाई अत्यन्त हलुका बनाइदिएका छन् । महान् जनयुद्धदेखि विभिन्न विद्रोह र क्रान्तिमा बलिदान गर्ने योद्धाहरू आजसम्म सहिदको सूचीमा समेत पारिएका छैनन् । जनयुद्धका महान् सहिदको अवमूल्यन र भ्रष्टीकरण गर्न शासकहरूले गोरुले हानेर मारेका र गाडीको ठक्करबाट मारिएका मानिसलाई समेत १० लाख रुपैयाँ दिएर 'सहिद' घोषणा गरिदिए । महान् जनयुद्धलाई 'द्वन्द्व' भनेर अपमान गरियो । यसले युद्ध र क्रान्तिमा बलिदान गर्ने योद्धाहरू, तिनका सपना र रगतको अवमूल्यन गरेको छ । सहिदको बलिदानको सन्दर्भ जोड्दै महासचिव कमरेड विप्लवले भन्नुभएको छ, ' मानव जातिको मुक्तिका लागि संसारभरि स्वाभिमान मान्छेहरू बढिराखेका छन् । त्यसमा सबैभन्दा महान् र स्वाभिमान सहिदहरू नै हुन् तर शान्तिप्रक्रियामा आएपछि उनीहरूप्रति विश्वासघात भयो परन्तु हामीले इतिहासलाई उच्च राखेका छौँ । जनयुद्धका सहिदहरूको रगतमाथि एकीकृत जनक्रान्तिका महान् सपुतहरूको रगत मिसिएको छ ।'

सहिद प्रतिष्ठान नेपालबाट प्राप्त जनयुद्धका सहिदहरूको सूचीमा समग्र विवरण सुरक्षित राखिएको छ । जसमा विकास क्षेत्र, अञ्चल, जिल्ला, राज्य घोषणा गरेको, राज्य घोषणा नगरेको गरी समेत गरी कुल जम्मा संख्या ८,५२५ रहेको उल्लेख छ ।

सहिद सप्ताहका अवसरमा यो साताको समय समीक्षा सहिद स्रष्टा रोहित कोइरालाको यो चर्चित जनवादी गीतको अंश प्रस्तुत गरी अन्त्य गर्ने अनुमति माग्छु :

हजार माइलको लामो बाटो
एक पाइलाबाट सुरु हुन्छ
जित उसैको हुन्छ यहाँ जो जनतालाई माया गर्छ
हार उसैको हुन्छ यहाँ जो जनतालाई लुट्ने गर्छ
हजार माइलको लामो बाटो ।

कविता

## श्रमिक महिला दिवस



अनिता गजमेर

वृद्ध, नाबालिका भन्न नपाएको मेरो देशमा
दलाल र भ्रष्टाचारले ओगटेको मेरो न्यायप(
ालिकामा
खै, कसरी मनाऊँ म श्रमिक महिला दिवस
यहाँ ?
एउटा पुरुषको यौन इच्छा मेटाउन
एउटी नाबालिकाको हत्या हुन्छ यहाँ
न्याय माग्न न्यायपालिकाको ढोका ढकढक्याउँ(
दा पनि
न्याय नपाएको मेरो देशमा
खै कसरी मनाऊँ म नारी दिवस यहाँ ?
पल्लो घरकी दिदी रोइरहेकी छिन् अझै
दाइजोका नाममा आफ्नै परिवारले दिएको
यातनाले
न्याय माग्न जान्छिन्, न्यायपालिकाको ढोका
खुल्दैन
खै, कसरी मनाऊँ म श्रमिक महिला दिवस
यहाँ ?

निर्मला पन्त, भागीरथी भट्ट हुँदै
सम्झना कामीसम्म आइपुग्दा
उनीहरूको आत्माले शान्ति नपाउँदानपाउँदै
न्यायपालिकाको ढोका ढकढक्याउँदा-
ढकढक्याउँदै
विचलित भएका आमाहरूसँग खुसी साट्न
नपाउँदै
खै, कसरी मनाऊँ म नारी दिवस यहाँ ?
समाजमा छैनन् कोही कतै
नारीजीवन यात्रामा पनि सहयात्री हुन् भन्नेहरू
आफ्नै खुसी साट्न रमाउनेहरूसँग
समय र नारी उस्ताउस्तै हुन् भन्ने बुझ्नेहरूसँग
खै, कसरी मनाऊँ म नारी दिवस यहाँ ?
एउटा सहयात्री नारीसँग अनेक सपना
साट्नेहरूसँग
जिन्दगीलाई मोलमोलाइमा बेच्नेहरूसँग
खै, कसरी मनाऊँ म नारी दिवस यहाँ ?

नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

गोदावरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर

## राष्ट्रघाती एमसीसी ....

राष्ट्र र क्रान्तिकारी जनतालाई स्तब्ध बनाएर, सडकमा रगतको खोलो बगाएर पारित गरिएको एमसीसी राष्ट्रघाती रहेको नागरिकको मनमस्तिष्क र घरघरमा भएकाले यो कुनै पनि हालतमा लागू हुन नसक्ने पनि प्रस्ट पारे । महिला, श्रमिक, जनजाति, मधेस, पहाड सबै क्षेत्रका नागरिकको दिमागमा एमसीसीले भय उत्पन्न गराइदिएकाले पनि यो राष्ट्रघाती प्रमाणित भइसकेको उनको भनाइ थियो ।

एमसीसी नेपाल राष्ट्र र नेपाली जनतामाथिको घात भएकाले एमसीसी पारित भएको कालो दिन र एमसीसी लाद्ने राष्ट्रघाती काला मान्छेका विरुद्ध जनसभा आयोजना गरिएको महासचिव विप्लवले प्रस्ट पारे । एमसीसी २१ औँ शताब्दीको भूमण्डलीकृत साम्राज्यवादको नयाँ आयाम रहेकाले डलर र सहयोगका नाउँमा नेपालको राष्ट्रियता सामाप्त पार्न आएको साम्राज्यवादलाई परास्त गर्न शिरमाथि कफन बाँधेर विद्रोहमा उत्रिएको भन्दै विद्रोह रगतबगाउने युवाको प्रशंसा गरे । 'युवा र देशभक्तहरू आफ्नो देशमाथि घात हुँदा मृत्युको परबाह नगरी लडे । सहिदको बलिदानको रगतमा उभिएर सत्तामा पुगेका कम्युनिस्ट भनिनेहरू, एमालेका नेताहरू, माओवादी केन्द्रका, एकीकृत समाजवादीका नेताहरू देशलाई संसद्बाट बेचिरहेका छन् । नेपाली जनतालाई कदापि यो सह्य हुनेछैन', महासचिव विप्लवले भने ।

'अजको दिनमा सबैभन्दा हेर्न लायक अनुहार प्रचण्डको र बाबुरामको छ', महासचिव विप्लवले भने, 'सहिदहरूले रगत नबगाएको, सहिदले नभरिएको कुनै पाखा र गाउँ छैन । तर तिनै सहिदको बलिदानको जगमा सत्तामा पुगेको प्रचण्ड-बाबुरामहरूको अनुहार राष्ट्रघातका कारण घिनलाग्दो बनेको छ । उनीहरू साम्राज्यवादको नोकरचाकरमा बदलिएका छन् । अब घरघरबाट जनताले राष्ट्रघातीहरूलाई थप घृणा र तिरस्कार गर्नेछन् ।'

नेपालका देशभक्तहरूले एमसीसीलाई अनुदान नभएर घातक आक्रमण र अतिक्रमणका रूपमा बुझिरहेकाले त्यसका विरुद्ध निरन्तर लडिरहेको प्रस्ट पार्दै महासचव विप्लवले भने, 'यो अनुदानको सबाल होइन । नेपालका मुक्तिगामी जनताको यात्रामा अतिक्रमण र हस्तक्षेप हो । यसले नेपालका प्राकृतिक स्रोत र साधन मात्र होइन, क्रान्तिकारी कम्युनिस्ट आन्दोलन नै समाप्त पार्न चाहन्छ ।'

उनले अगाडि भने, 'जनमत पनि कहिलेकहीँ क्रान्ति हुन्छ । दुई तिहाइ कम्युनिस्ट जनमतलाई साम्राज्यवादले क्रान्ति देखेको छ । त्यसैले ऊ अनेक बहानामा नेपालभित्र घुस्न चाहन्छ । नेपालको परिवर्तनकारी आन्दोलन, समाजवादी आन्दोलनलाई विभिन्न बहानामा सिध्याउन चाहन्छ । यो २१ औँ शाताब्दीको साम्राज्यवादी नीति हो । हिजोको तोपगोलाको नीतिभन्दा पनि खतरनाक नीति हो । यसलाई सम्पूर्ण क्रान्तिकारी शक्ति मिलेर समाप्त पारिदिनुपर्छ ।' साम्राज्यवाद अनुदानको बहाना बनाएर नेपालको रातो झन्डा समाप्त पार्ने, क्रान्ति समाप्त पार्ने, भूगोल नियन्त्रण गर्ने उद्देश्यसहित आएकाले साम्राज्यवादविरुद्धको राष्ट्रिय मुक्तियुद्धले साम्राज्यवादका पक्षधरहरूसमेत समाप्त पारिदिने महासचिवको भनाइ थियो ।

प्रचण्ड, बाबुरम, माधव नेपाल वा बाबुरामहरू सत्ता र कुर्सीको दास बनेपछि देश र जनतालाई बिर्सिएको र सत्ताको, पैसाको, कुर्सीको, साम्राज्यवादको पिछलग्गु बनेको धारणा पनि उनले राखे । त्यहाँ रुमल्लिएर बसेकाहरूलाई विद्रोह गर्न पनि उनले आह्वान गरे । 'केपी वलीमा सत्ताको अन्धत्व थियो । केपीको भन्दा पनि घटिया, केही सांसद, मन्त्री, पैसा र चुनावलाई हेरेर प्रचण्डहरूले देश र जनतालाई बिर्सिएका छन् । राष्ट्रघाती एमसीसी पारित गरेर देश र जनतामाथि गम्भीर धोका दिएका छन् । इतिहासले उनीहरूलाई माफ गर्नेछैन', उनले भने । प्रचण्डहरू एमसीसी पास गरेपछि हामी बाँच्छौँ, मन्त्री पाइन्छ, केही धनाढ्य जन्माउन पाइन्छ भन्ने लोभ र भ्रममा फसेको तर त्यो उनीहरूको मूर्खता र दिवास्वप्नसिवाय केही नभएको उनको भनाइ थियो ।

'एमसीसी पारित गरेर उनीहरूले सहिद र जनतालाई कुर्सीसँग साट्ने षड्यन्त्र गरेका छन् । हामी त्यसो हुन दिनेछैनौँ', महासचिव विप्लवले भने, 'बरु श्रीलंकाका पुँजीवादी पार्टी, अफ्रिकाका पुँजीवादी पार्टीले देश र जनताका विरुद्ध रहेको एमसीसी फिर्ता गर्ने हिम्मत गरे । तर नेपालमा विचित्र देखियो । कम्युनिस्ट नाउँ भँजाएर संसद्मा गएकाहरूले लत्रिएर एमसीसी पारित गरे । तिनले देश र जनताको शिर झुकाउन मालिकहरूका सामुन्ने नाक रगडे ।'

साम्राज्यवादविरुद्ध संसारकै राष्ट्रवादीहरूबीच ध्रुवीकरणको आवश्यकता खट्किएको प्रस्ट पार्दै महासचिव विप्लवले मालीलगायत देशमा दलाल नेता र सरकारविरुद्ध सेनाले पनि विद्रोह गरेको र त्यो अवस्था नेपालमा पनि आउनसक्ने बताए । उनले भने, '२-४ जना मुठीभर मन्छेहरूले देश बेच्ने हैसियत राख्छन् ? राख्दैनन् । यो अस्वीकार्य छ । युगौँयुग मुलुकलाई प्रभावित पार्ने निर्णय तिनले गर्न सक्तैनन् । नेपालमा नेपाल कम्युनिस्ट पार्टी, यो मोर्चा र नागरिक रहुन्जेलसम्म तिनको सपना पूरा हुन दिइनेछैन ।'

अहिले हरेक पार्टी, सेना र प्रहरीभित्र पनि एमसीसी राष्ट्रघाती रहेको बहस चलिरहेको औँल्याउँदै र अझ जोड दिँदै महासचिव विप्लवले भने, 'यो संसद्को औचित्य सिद्धिएको छ । यो अमेरिकीहरूको भत्ता पचाउने थलोमा परिणत भएका छ । साम्राज्यवदीको कठपुतली भएका छन् सांसदहरू । साम्राज्यवादको तलुवा चाट्ने संसद्को कुनै औचित्य छैन । जनतामा पनि यो भ्रम हटिसकेको छ ।'

नेपाली काङ्ग्रेसको इतिहास नै दलाल र राष्ट्रघाती पार्टी भएकोमा अरू आफूलाई कम्युनिस्ट भन्नेहरू पनि त्यही लाममा बदलिएको बताउँदै महासचिव विप्लवले भने, 'एमसीसीलाई फिर्ता पठाउने हिम्मत गर । देश र नेपाली जनताविरुद्ध साम्राज्यवादसामु शिर नझुकाऊ । एमसीसी पास गरेर संसद्वादीहरूले ठूलो दुर्घटना निम्त्याएका छन् । अवैध, असंवैधानिक र जनताले खारेज गरिसकेको राष्ट्रघाती सम्झौता भएकाले एमसीसी लागू हुनेछैन । हामी लागू हुन दिनेछैनौँ ।'

एमसीसी लागू नै हुन नदिएर खारेज गरिदिनुपर्ने धारणा राख्दै महासचिव विप्लवले नेपाली सेनाले पनि मालीको सेनाले जस्तो आँट गर्ने कि नगर्ने ? भनी प्रश्न गरे । देश र जनताको रक्षा गर्न नसक्ने संसद्लाई जनतामा फर्काउनुपर्ने धारणा राख्दै उनले प्रचण्ड र माधव नेपालको लाज ढाक्ने टालोका रूपमा ल्याइएको कथित व्याख्यात्मक टिप्पणीलाई लज्जास्पद टिप्पणीको संज्ञा दिए र यसको कुनै औचित्य नभएको प्रस्ट पारे । चीनले कुनै दिन अफिम युद्ध लडेजस्तै हामीले एमसीसी युद्ध लड्नुपर्ने अवस्था आइरहेको तर्फ पनि महासचिव विप्लवले सङ्केत गरे । उनले भने, 'युवाहरू एमसीसीको नशाबाट बच्नुस्, यो अफिमजस्तै हो । नेपाली किल्लालाई कब्जा गर्न अमेरिका आएको छ ।'

प्रधानन्त्री शेरबहादुर देउवाले अमेरिका र युक्रेनका पक्षमा प्रकट गरेको मत स्वाभिमानी नेपाली जनताको नभएको महासचिव विप्लवको भनाइ थियो । युक्रेनबाट नेटो र अमेरिका पनि फर्किनुपर्ने र रुसले पनि ठूला कारबाही गर्नु नहुने उनले बताए । पैसा र साम्राज्यवाद नै युक्रेन सङ्कटको मूल कारण रहेको बताउँदै उनले भने, 'रुससँग हिङ नभए पनि हिङ बाँधेको टालो छ त्यसै फर्किंदैन ।'

## मुलुकमा थप ....

सम्झौता एमसीसी पारित गरेर थप राष्ट्रघात गरेको बताए । देशभक्तहरु, वामपन्थीहरु, कम्युनिस्टहरु, सच्चा लोकतन्त्रवादीहरु, सच्चा क्रान्तिकारीहरु एक भएर अमेरिकी साम्राज्यवादको धृष्टतामा यो सम्झौताको निरन्तर, दृढतापूर्वक विरोध गर्दै सशक्त आवाज उठाउनु आवश्यक रहेको उनले बताए ।

## राष्ट्रघातीहरुलाई अर्याघाटमा खरानी पाछौं : सुवेदी

कार्यक्रममा जनक्रान्तिका महान् सहिद परिवार सङ्गठनकी अध्यक्ष खुमा सुवेदीले एमसीसीमा राष्ट्रघाती सम्झौता गर्नेहरुलाई आर्यघाटमा खरानी पार्न जुटिरहेको बताइन् । राष्ट्रघातीहरुलाई देशबाट खेद्नुपर्ने उनले बताइन् । देश बलिरहेको समयमा मध्यरातमा राष्ट्रघाती एमसीसी पारित गरिएकाले




जनताको मुक्ति आन्दोलनमा खुट्टा नकमाउन अन्दोलनकारीलाई आह्वान गरिन् । सेना र प्रहरीलाई पनि राष्ट्रियता रक्षाको आन्दोलनमा एक हुनुपर्ने उनको भनाइ थियो ।

नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्यको अध्यक्षता र नेकपाका प्रवक्ता प्रकाण्डको सञ्चालनमा सम्पन्न विरोधसभामा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेपाल कम्युनिस्ट पार्टी माओवादी समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक आहुतीले पनि एमसीसीका विरुद्ध बोलेका थिए । खुलामञ्चमा जनसभा हुनुअघि काठमाडौँका विभिन्न स्थानबाट एमसीसीविरोधी जुलुसले सहर परिक्रमा गरेको थियो । ६ दल र २ मोर्चाले आगामी चैत ६ गतेसम्मका लागि एमसीसीविरुद्ध विविध सङ्घर्षको घोषणा गरिसकेका छन् । काठमाडौँआसपासका विभिन्न जिल्लाबाट दसौँ हजारको सङ्ख्यामा देशभक्त र क्रान्तिकारीहरूको सहभागिता रहेको जनसभामा सामना परिवारका कलाकारले जनवादी गीत र नृत्य प्रस्तुत गरेका थिए ।

## नेपालले राष्ट्रसङ्घमा ....

भनिएको छ, 'संयुक्त राष्ट्रसङ्घको आपत्कालीन विशेष महाधिवेशन र मानवअधिकार कमिसनमा अमेरिकी पक्षधरता हुने गरी नेपाल संयुक्त राष्ट्रसङ्घको प्रस्तावमा मतदान गर्नु नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत जानु हो । युक्रेनसँग परेको रुसको द्वन्द्वमा नेपालको आफ्नो घोषित मान्यता र परराष्ट्र नीतिविपरीत अमेरिकाका पक्षमा मतदान गर्नु नेपालमा एमसीसी पारित हुनुको राजनीतिक परिणाम हो ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'सरकारमा आबद्ध पार्टीहरूले जतिसुकै व्याख्यात्मक घोषणा गरे पनि एमसीसी पारित गरेलगत्तै परराष्ट्रनीतिमा बदलाव आउनु नेपाल सरकार अमेरिकी कठपुतली बन्नु हो । हाम्रो पार्टी नेपाल सरकारको जनविरोधी नीतिको विरोध गर्दछ ।'

## सहिद सप्ताहमा ....

काठमाडौँमा फागुन २१ गते सहिद सप्ताहको अन्तिम दिन आयोजित कार्यक्रममा सम्बोधन गर्दै महासचि विप्लवले सहिद र बेपत्ता योद्धाका परिवार जनक्रान्तिको नेतृत्व गरिरहेको नेकपाको शक्ति दिने ऊर्जा भएकाले देश र जनता मुक्त नहुँदासम्म त्यही ऊर्जाले लडिरहने उद्घोष गरेका छन् ।

सहिद-बेपत्ता योद्धा परिवार अभिनन्दन कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय समितिका सचिवालय सदस्य कञ्चनले जुन राज्यप्रणाली ल्याउन सहिदहरूले बलिदान गरे त्यो राज्यप्रणाली स्थापना नभएकाले सहिदका सपना पूरा गर्नका लागि सङ्घर्ष गरिरहेको बताए । प्रतिक्रियावादीहरूले जुन उद्देश्यले जनयुद्ध लडेको थियो त्यो पूरा गर्न यो पार्टीले कुनै कसुर बाँकी राख्नेछैन भन्ने बुझेकाले समयसमयमा दमन गरिरहेको पनि नेता कञ्चनले प्रस्ट पारे ।

जनक्रान्तिका महान् सहिद परिवार सङ्गठनकी अध्यक्ष खुमा सुवेदीले हिजोका सहिदहरू सालिक भएको तर धोका दिने दलाल नेताहरू मालिक बनेको बताइन् । उनले भनिन्, 'यो पार्टीले सहिद तथा बेपत्ता परिवारहरूलाई धोका नदेओस् । जस्तोसुकै परिस्थितिमा पनि सहिद-बेपत्ता परिवारले साथ दिइरहनेछन् ।' राष्ट्रिय स्वाधीनताका लागि फेरि एकचोटि बलिदान आवश्यक रहेको उनको भनाइ थियो ।

राज्यबाट बेपत्ता पारिएकाहरुको परिवारका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारीले अन्य पार्टी र सरकारले सहिद सप्ताहलाई मान्यता नदिएको र सहिदहरूलाई नसम्झिएको भए पनि नेकपाले मान्यता दिएकोमा धन्यवाद दिँदै यसलाई निरन्तरता दिइराखोस् भन्ने शुभेच्छा प्रकट गरे । सहिद तथा बेपत्ता परिवार विचार भएकाले नेतृत्वलाई निरन्तर घचघच्याउनुपर्ने उनले बताए ।

कार्यक्रममा महासचिव विप्लवले सहिद तथा बेपत्ता परिवारलाई दोसल्ला ओढाएर अभिनन्दन गरेका थिए । उक्त कार्यक्रममा एक दर्जनभन्दा बढी माओवादी केन्द्र परित्याग गरी नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गरेका थिए ।

यसै कार्यक्रमको सन्दर्भ पारेर पार्टीको केन्द्रीय कार्यालयमा श्रम गर्न गएका विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो । त्यसैगरी एमसीसीविरुद्धको आन्दोलनमा सक्रियतापूर्वक मैदानमा खट्ने युवा सङ्गठन नेपालका पदाधिकारी र अभियान टिमलाई महासचिव विप्लवले टीका लगाएर सम्मान गरेका थिए ।

कार्यक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवारले जनवादी गीत र नृत्य प्रस्तुत गरेको थियो ।

कार्यक्रमको अध्यक्षता नेकपाका केन्द्रीय सदस्य एवम् काठमाडौँ जिल्ला इन्चार्ज माइला लामाले गरेका थिए भने सञ्चालन ललितपुर जिल्ला इन्चार्ज नवीनले गरेका थिए । स्वागत मन्तव्य नेवाः मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष तथा घाइते योद्धा सुरेन्द्र महर्जनले गरेका थिए ।

## जनपत्रकार सङ्गठनको ....

बदल्नु छ भने पहिला त्यसलाई राम्रोसँग अध्ययन गर्नुपर्ने भन्दै उनले त्यो अध्ययन नै सबैभन्दा ठूलो हतियार भएको धारणा राखे ।

'कुनै बस्तुलाई बदल्नु छ भने त्यसलाई बुझ्नुपर्छ । त्यसको बनोट, छनोट, आकार र वास्तविकता बुझ्न जरुरी छ', उनले भने, 'हामी नेपाली समाजलाई परिवर्तन गर्न चाहन्छौँ । संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना हाम्रो लक्ष्य हो । अब हामीले संसदीय व्यवस्थाका बारेमा गहिरिएर अध्ययन गर्दै नेपालको अहिलेको समाजिक चरित्र र भूराजनीतिक अवस्थालाई गहिरोसँग केलाउन जरुरी छ ।' अहिलेको संसदीय व्यवस्थाको चरित्रबारे बुझ्ने जिम्मेवारी पत्रकारको काँधमा आएकाले जनपत्रकारको कलम त्यता केन्द्रित हुनुपर्ने उनको भनाइ थियो । पत्रकारले वैज्ञानिक समाजवाद स्थापनाका लागि जनताले बुझ्ने भाषामा समाचार तयार पार्नुपर्ने पनि उनले बताए ।

समाचार सामग्रीमा समाचार मात्र नभएर दृष्टिकोण पनि आउने भएकाले पत्रकारहरूले समाचार र दृष्टिकोण दुवैतिर ध्यान दिनुपर्ने उनको भनाइ थियो । समाचारमा वर्गीय पक्षधरता र उद्देश्य पनि हुने उनले प्रस्ट पारे ।

नेकपाका केन्द्रीय सदस्य तथा ललितपुर-भक्तपुर जिल्ला इन्चार्ज नवीन विश्वकर्मा 'हितमान' ले पत्रकारिता पनि एउटा युद्धमोर्चा भएको बताए । उनले यो मोर्चालाई व्यवस्थित रूपमा प्रयोग गर्न सके आधा युद्ध सजिलै जित्न सकिने धारणा राखे । जनपत्रकारहरूको काँधमा पुँजीवादी पत्रकारहरूको भन्डाफोर गर्नुपर्ने दायित्व पनि रहेको उनको भनाइ थियो । कार्यक्रममा जनपत्रकार सङ्गठनका संयोजक शेरबहादुर विश्वकर्माले जनपत्रकारिता सामाजिक उत्तरदायित्वको मूल प्रवाह भएकाले यसको रक्षाका लागि वर्गीय पक्षधरतालाई ख्याल गर्दै आवाजविहीनहरूको आवाज बनाउनुपर्ने बताए । एकीकृत जनक्रान्तिको कार्यदिशालाई जनतामाझ पुऱ्याउन जनपत्रकारको सशक्त भूमिका रहेको उनको भनाइ थियो ।

कार्यक्रमको अध्यक्षता जनपत्रकार सङ्गठन उपत्यका प्रदेश सम्मेलन आयोजक समितिका संयोजक शोभराज बराल, सञ्चालन केशव संज्याल र स्वागत सङ्गठनका केन्द्रीय सदस्य साहस भट्टले गरेका थिए । तालिम पाँच दिनसम्म चल्ने बताइएको छ ।

## महिला मुक्त नभएसम्म ....

व्यक्त गर्दछ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'सचेत एवम् श्रमिक महिलाहरूको विद्रोहले सामन्तवादी एवम् पुँजीवादी व्यवस्थाले लादेका अत्याचार, उत्पीडन, विभेदबाट निकै महत्वपूर्ण मुक्ति र अधिकार हासिल गरेको छ । हाम्रै देशमा पनि ठूल्ठूला परिवर्तनहरू भएका छन् । परन्तु आज पनि भूमण्डलीकृत पुँजीवाद-दलाल पुँजीवादले महिलाहरूमाथि पुरातन एवम् नवीन तरिकाहरूको प्रयोग गर्दै अनेकौँ खालका उत्पीडन, शोषण गरिरहेको छ । श्रमिक महिलाहरू राजनीतिक रूपले उपेक्षित छन्, आर्थिक क्षेत्रमा असमानता र विभेद छ । सांस्कृतिक रूपले उत्पीडन, शोषण र विभेद छ । सामाजिक क्षेत्रमा उपेक्षा एवम् भेदभाव छ । यद्यपि महिलाहरू यी अत्याचार, उत्पीडन, शोषणका विरुद्ध सङ्घर्ष गरिरहेका छन् । यसलाई पूर्ण सहयोग र साथ दिन आवश्यक छ ।'

विज्ञप्तिमा भनिएको छ, 'महिला मुक्ति मानव मुक्तिसँग जोडिएको सवाल हो । समाज र राज्यको रूपान्तरणसँग जोडिएको विषय हो । यसर्थ महिला मुक्तिको कार्यदिशा निरन्तर सङ्घर्ष र रूपान्तरणको दिशा हुनु पर्दछ । कैयौँ अधिकारहरू चलिरहेकै व्यवस्थाहरूभित्र सङ्घर्ष र सुधारद्वारा प्राप्त गर्न सकिन्छ भने पूर्ण मुक्ति र अधिकारका लागि विश्व पुँजीवादी व्यवस्था र नेपालमा दलाल पुँजीवादी सत्ताको अन्त्य एवम् श्रमिक जनताको व्यवस्था वैज्ञानिक समाजवादको स्थापना अपरिहार्य छ । हामी सारा आमा, दिदी, बैनी, छोरीहरूलाई विशेष आह्वान गर्न चाहन्छौँ- श्रम र सिर्जनासँगै पुँजीवाद-दलाल पुँजीवादले लादिरहेका अत्याचार, शोषण एवम् विभेदविरुद्ध सङ्घर्ष र विद्रोह गर्न पनि हरदम तयार हौँ । जहिलेसम्म सिङ्गो मानव समाज पुँजीवादको थिचोमिचोबाट मुक्त हुनेछैन तहिलेसम्म महिलाहरू मुक्त हुने छैनन् । जहिलेसम्म महिलाहरू मुक्त हुने छैनन्, तहिलेसम्म मानव समाज पनि मुक्त हुनेछैन । विश्व पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवाद-साम्यवादको स्थापना नै महिलासँगै मानव मुक्तिको सर्त हो ।'

## विभिन्न पार्टीका ....

बिजुक्छे रोहितसँग एमसीसीलगायत राष्ट्रिय स्वाधीनताको रक्षाको आन्दोलनलाई अघि बढाउने विषयमा छलफल गरेका थिए ।

नेपाली काङ्ग्रेस, माओवादी केन्द्रको पुष्पकमल दाहाल समूह, एमालेको केपी वली समूह, एकीकृत समाजवादीको माधव नेपाल समूह, जसपाको बाबुराम भट्टराई समूह र लोसपा एमसीसी पारित गरेपछि लागू गराएरै छोड्ने पक्षमा छन् भने नेकपाको नेतृत्वमा नेकपा क्रान्तिकारी माओवादी, नेपाल कम्युनिस्ट पार्टीलगायत ६ दल र २ मोर्चा एमसीसी लागू हुन नदिने र राष्ट्रिय स्वाधीनताको आन्दोलन अघि बढाउने पक्षमा आन्दोलन गर्दै आएका छन् ।

राष्ट्रघाती एमसीसीविरुद्ध आन्दोलनको नेतृत्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव र माओवादी केन्द्रमा प्रचण्डको एमसीसी पक्षधर समूहहसँग असन्तुष्ट नेता नारायणकाजी श्रेष्ठबीच अब कसरी अघि बढ्ने भन्ने विषयमा छलफल भएको थियो । श्रेष्ठ निवास हात्तीवनमा महासचिव विप्लव र नेता श्रेष्ठबीच एमसीसी र समसामयिक राजनीतिका विषयमा छलफल भएको नेकपा केन्द्रीय कार्यालयले जनाएको छ । माओवादी केन्द्रमा श्रेष्ठ पक्षका मानिने गिरिराजमणि पोखरेल र अन्जना बिसुंखेले प्रतिनिधिसभामा एमसीसी पारित गर्ने प्रक्रिया सुरु हुँदा विरोध गर्दै सदन नै बहिष्कार गरेका थिए । एमाले नेता भीम रावल, नेपाल मजदुर किसान पार्टी, राजमो र राप्रपाका सांसदले समेत एमसीसीको विरोध गरिरहँदा प्रचण्डले भने पक्षमा मतदान गर्न जबर्जस्ती गरेको खुलेको छ ।

माओवादी केन्द्र एमसीसीका विपक्षमा उभिएको भए पारित हुँदैनथ्यो भन्नेमा एमसीसीविरोधी सबैको एक मत छ । स्रोतका अनुसार विप्लव र श्रेष्ठबीच प्रतिनिधिसभाबाट एमसीसी अनुमोदन गर्न माओवादी केन्द्रको नेतृत्वले जबरजस्ती गरेको भन्दै राष्ट्रियताका पक्षमा रहेकाहरू एकजुट हुनुपर्ने विषयमा कुराकानी भएको नेताहरूले बताएका छन् ।

संसद्बाट एमसीसी पारित नगर्ने बताउँदै आएका दाहाललगायत माओवादी केन्द्रका नेताहरुले एकाएक संसद्बाट एमसीसी अनुमोदन गरेपछि त्यस दलभित्रका इमानदार र राष्ट्रवादीहरु असन्तुष्ट बनेका छन् ।

### रोहितसँग महत्वपूर्ण छलफल

पाँचदलीय गठबन्धन सरकारले सडक सङ्घर्षमा क्रूर दमन गर्दै संसद्वादी दलहरूले संसद्बाट राष्ट्रघाती एमसीसी सम्झौता पारित गरेपछि त्यसका विरुद्ध देशभक्त तथा क्रान्तिकारी शक्तिहरूबीच ध्रुवीकरण हुँदै गएको छ । यसै सिलसिलामा आज नेकपा महासचिव विप्लव र नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे रोहितबीच भक्तपुरमा महत्वपूर्ण छलफल भएको छ ।

नेकपा कार्यालय स्रोतका अनुसार महासचिव विप्लव र रोहितबीच भेटवार्ता हुँदा नेकपाका प्रवक्ता प्रकाण्ड र नेमकिपाका सांसद प्रेम सुवाल साथमा थिए । महासचिव विप्लव र अध्यक्ष रोहितबीच संसद्वादी दलहरूले राष्ट्रियताविरुद्ध एमसीसी पारित गरेकाले त्यसका विरुद्धको आन्दोलन र देशको समसामयिक विषयमा छलफल भएको थियो ।

काङ्ग्रेस, माओवादी केन्द्र, एमाले, जसपा, लोसपाहरूले सदनबाट एमसीसी पारित गरिरहँदा नेमकिपाले त्यसको सख्त विरोध गरेको थियो । विरोध गर्नेमा एमाले नेता भीम रावल, जनमोर्चा सांसद दुर्गा पौडेल, नेमकिपा सांसद प्रेम सुवाल, राप्रपा सांसद राजेन्द्र लिङ्देन र माओवादी केन्द्रका सांसद गिरिराजमणि पोखरेलसमेत थिए ।

## सहिद–बेपत्ता योद्धाका ....

लागि बनेको होइन । यो पार्टी केही चन्दा उठाई खानका लागि खडा गरिएको होइन । यो नेपाल र नेपाली जनताको अधुरो चाहनालाई पूरा गर्नका लागि खडा गरिएको सम्भावनाको अग्रदस्ता हो । यो नेपालका सहिद र बेपत्ता योद्धाहरूको सपनालाई पूरा गर्नका लागि दृढतापूर्वक उभिएको पार्टी हो । हामी आफ्नो वर्गको मुक्तिका लागि अन्तिमसम्म लडिरहन्छौँ ।

(नेकपाका महासचिव विप्लवले सहिद सप्ताह २०७८ का अवसरमा नेपाल कम्युनिस्ट पार्टी काठमाडौँ, ललितपुर र भक्तपुरको आयोजनामा काठमाडौँको वनस्थलीमा फागुन २१ गते सहिद तथा बेपत्ता योद्धा परिवारजन सम्मान कार्यक्रममा व्यक्त गरेको विचारको सारसङ्क्षेप ।)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

### सार्वजनिक सवारी साधन सञ्चालन गर्दा देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छः

- सवारी नियमको अनिवार्य पालना गरौं, दुर्घटनाबाट बचौं र बचाऔं।
- रूट परमिट लिएर मात्र सवारी साधन चलाऔं।
- सवारी चालक अनुमतिपत्र, ब्लुबुक लगायत आवश्यक कागजात सँधै साथमा राख्ने गरौं।
- सवारी चालक तथा सहचालकहरूले यात्रीसँग सभ्य र आदरपूर्वक व्यवहार गरौं।
- सवारी साधन नियमित मर्मत संभार गरेर मात्र चलाऔं।
- सार्वजनिक सवारी साधनले अनिवार्य रूपमा देखिने ठाउँमा भाडादर टाँस्ने गरौं र तोकिएबमोजिमको भाडा मात्र लिने गरौं।
- यात्रुहरूले फाल्ने फोहोरको व्यवस्थापन गर्न सवारी साधनभित्र डस्टबिन अनिवार्य राखौं।
- तोकिएभन्दा बाहेकको प्रयोजनमा सवारी साधनको प्रयोग नगरौं।
- कोभिड-१९ को प्रकोपलाई मध्यनजर राख्दै स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्ने गरौं।
- यात्रुवाहक सवारी साधनमा नियामानुसार पाउने सहुलियत अनिवार्यरूपले प्रदान गरौं।

नेपाल सरकार: जनताको जलविद्युत कार्यक्रम अन्तरगत रहेको

## नेपालको पानी, जनताको लगानी !
## आफ्नै पौरख, आफ्नै गौरव !!
## स्वदेशी श्रम र सिपको कदर गरौं !
## आफ्नो देश आफैं बनाऔं !!



सुनिल कुमार ढुंगेल
प्रमुख कार्यकारी अधिकृत
तथा सान्जेन जलविद्युत कम्पनी परिवार

## सान्जेन जलविद्युत कम्पनी लिमिटेड
SANJEN JALAVIDHYUT CO. LTD.
महाराजगंज, काठमाण्डौ, नेपाल

## लालीगुराँस नगरपालिका स्वाथ्य शाखाको सूचना

गर्भवती महिलामा साधारण रुघा खोकी (ज्वरो, खोकी) मात्र भएपनि तुरुन्तै सम्बन्धित स्थानमा र कोभिड-१९ को सम्भावित जोखिममा भएका व्यक्तिहरुको लागि बनाइएको परामर्श केन्द्रमा सम्पर्क गर्नुहोला। स्थानिय क्लिनिक अथवा प्रिफेक्चर चिकित्सा संघमा पि. सि. आर परीक्षण (PCR test) उपलब्ध छ।

**लालीगुराँस नगरपालिका स्वाथ्य शाखा**
बसन्तपुर, तेह्रथुम, १ नं. प्रदेश

## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ। घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ।

निरसल साह
नगरप्रमुख

शबनम मिकरानी
उपप्रमुख

## मलंगवा नगरपालिकाको कार्यालय
सर्लाही, मधेस प्रदेश

## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ। घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ।

**लाली गुराँस नगरपालिका**
## नगरकार्यपालिकाको कार्यालय
बसन्तपुर, तेह्रथुम

## वन डढेलो रोकथाम
### सम्बन्धी सुचना

सकेसम्म डढेलो लाग्ने नदिऔं।
कथमकदाचित लागिहालेमा तुरुन्तै निभाऔं।
आफु बच्न बनलाई बचाऔं।
जिम्मेवार नगरिकको भूमिका खेलौ।

जनहितका लागि
## डिभिजन वन कार्यालय
कपिलवस्तु (गौतमबुद्ध), चन्द्रौटा

निर्देशक : वसन्त श्रेष्ठ, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : धनराज शाही, डिजाइन : गोपाल गिरी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं